'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४९ ★ ने. सं. ११४६ ञला गा, तृतीया ★ मङ्गलबार ★ १३ असोज, २०८३ ★ September 29, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# खवप विश्वविद्यालय स्थापनाको लागि १०८ रोपनी जग्गा उपलब्ध गराउनुपर्नेमा जोड



भक्तपुर, १२ असोज । भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिसँग नेपाल ट्रस्ट कार्यालय सञ्चालक समितिका पदाधिकारीहरूले सोमबार भेटघाट गर्नुभयो । नेपाल ट्रस्ट कार्यालयका सहसचिव सुमन घिमिरेको नेतृत्वमा आएको ६ सदस्यीय टोलीले नगर प्रमुखसँग भेटघाट गरेको हो ।

उक्त भेटघाटको क्रममा भक्तपुर नगरपालिका वडा नं. १, सल्लाघारीस्थित १०८ रोपनी जग्गाको संरक्षण तथा व्यवस्थापनको विषयमा छलफल भएको थियो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. १, सल्लाघारीस्थित नेपाल ट्रस्टको नाममा रहेको १०८ रोपनी जग्गा भक्तपुरवासीको हितलाई ध्यानमा राखी अधिकतम सदुपयोग गर्ने उद्देश्यले नगरपालिकाले जग्गाको संरक्षणका लागि पर्खाल निर्माणलगायतका कार्य गरी व्यवस्थित गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

उहाँले खवप विश्वविद्यालय स्थापनाको लागि १०८ रोपनी जग्गा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले नेपाल ट्रस्ट नियमावली, २०६४ को नियम ३ को उपनियम २(क) मा नेपाल ट्रस्टको सम्पत्ति प्रयोग गर्दा विद्यालय, महाविद्यालय वा विश्वविद्यालयजस्ता शैक्षिक संस्था स्थापना गरी सञ्चालन गर्न वा गराउन सकिने प्रावधान रहेको उल्लेख गर्दै उक्त कानुनी व्यवस्थाले शैक्षिक संस्थाको स्थापना तथा सञ्चालनका लागि नेपाल ट्रस्टको सम्पत्ति उपयोग गर्न सकिने आधार रहेको बताउनुभयो ।

१०८ रोपनी जग्गामा खवप विश्वविद्यालय स्थापना गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले आवश्यक प्रक्रिया अगाडि बढाउन २०६४ जेठ १० गते, २०६८ पुस २५ गते तथा त्यसपछि पनि पटक-पटक प्रधानमन्त्री कार्यालय, रक्षा मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल ट्रस्टको कार्यालयमा निरन्तर पहल गर्दै आएको पनि उहाँले बताउनुभयो ।

साथै, सर्वसाधारण जनताका छोराछोरीलाई सुलभ शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने उद्देश्यले मेडिकल कलेजसहितको खवप विश्वविद्यालय स्थापना गर्ने पहल भइरहेको र उक्त जग्गामा विश्वविद्यालय स्थापना गर्ने नगरपालिकाको योजना रहेको उहाँले बताउनुभयो ।

नेपाल ट्रष्ट कार्यालयका सहसचिव सुमन घिमिरेले भक्तपुर नगरपालिका वडा नं. १, सल्लाघारीस्थित १०८ रोपनी जग्गाको संरक्षण राम्रोसँग भइरहेको बताउँदै नेपाल ट्रस्टको स्वामित्वमा रहेको सम्पत्तिको उपयोग, संरक्षण तथा प्रवर्द्धनका लागि अध्ययन टोली गठन गरी सम्भावित उपयोगका क्षेत्रहरूको पहिचान गर्ने कार्य भइरहेको जानकारी दिनुभयो ।

ट्रस्टअन्तर्गतका जग्गाहरूको व्यावसायिक सम्भाव्यता अध्ययन गरी उपयोग गर्ने तथा यसका लागि नेपाल ट्रस्ट कार्यालय र भक्तपुर नगरपालिकाबिच आपसी समन्वय र सहकार्यका साथ अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

भेटघाटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, प्रमुख प्रशासकीय अधिकृत श्रीमती जमुना मिश्र, नेपाल ट्रस्ट कार्यालयका उपसचिव सोमराज बराल, बोर्ड सदस्य ध्रुव चालिसे र जग्गा सदुपयोग अध्ययन समितिका संयोजक सुयोग रेग्मी, पूर्वाधार सचिवालयका सन्दिप पन्थी तथा इन्जिनियर शुभम गुप्ता, प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति थियो ।

# इरानको अडान कायम नै छ

संयुक्त राष्ट्र सङ्घको महासभामा सहभागी हुन न्युयोर्क पुगेका इरानका राष्ट्रपति मसुद पेजेश्किपानले राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुट्टरेससँगको भेटमा भन्नुभयो, "इरान वार्ताको टेबलबाट पछि हटेको छैन । तर, विगतका अनुभवअनुसार इरानले संरा अमेरिकी प्रशासन र राष्ट्रपति ट्रम्पलाई विश्वास गर्दैन ।"

राष्ट्रपति पेजेश्किपानले थप्नुभयो, "अबको छनोट संरा अमेरिकी प्रशासन र ट्रम्पसँग छ । इरान जबरजस्ती, डर, त्रास, धम्कीलाई स्वीकार गर्दैन । इरान दबाबमा आफ्नो सार्वभौम अधिकार त्याग्ने छैन ।"

इरानले संरा अमेरिकी सैन्य नाकाबन्दी र इरानको सम्पत्तिमाथि नाकाबन्दी अन्त्य हुनुपर्ने, इरानी तेलमाथि प्रतिबन्ध हटाउनुपर्ने, युद्ध विरामका सर्तहरू पालना हुनुपर्ने विषय कार्यान्वयन भएमात्र हर्मु जलमार्ग खुला हुने दोहोऱ्याएको छ ।

# आक्रामक नीतिले अमेरिका विश्वबाट एक्लिँदै

काठमाडौँ, १२ असोज । संयुक्त राज्य अमेरिकाको आक्रामक नीतिका कारण अमेरिका विश्वबाट एक्लिँदै छ भने राष्ट्रपति डोनाल्ड ट्रम्प उदाङ्गिँदै छन् । अमेरिकाको हरेक राजनीतिक गतिविधि विश्वका न्यायप्रेमी, शान्तिकामी र देशभक्त जनताको विरोधमा रहेको छ । अरू देशलाई कमजोर बनाउन आन्तरिक कलह बढाउने, जुधाउने, लडाउने, हतियार बिक्री गर्ने, आक्रमण गरेर जनधनको क्षति पुऱ्याउने तथा शक्तिको दम्भमा टेकेर अरू देशका प्राकृतिक स्रोत र साधन कब्जा गर्ने काम नै अमेरिकाको उद्देश्य रहेको छ ।

आफ्नो विचारसँग नमिल्ने तथा साम्राज्यवादी नीतिको विरोध गर्ने देशका राष्ट्रप्रमुख र जनतालाई बम वर्षा गरेर तर्साउने, हत्या गर्ने, पक्राउ गर्ने तथा तेलको खानी नदिए ध्वस्त पार्ने चेतावनी दिनेबाहेक अमेरिकाले विश्वमा शान्ति छर्ने, विश्वलाई सुरक्षित बनाउँदै सबै देशलाई विकास गर्ने सपना कहिल्यै बोकेको पाइँदैन । अहिले त अमेरिकी नेतृत्वमा रहेको अन्तर्राष्ट्रिय व्यवस्थाको विश्वसनीयतामाथि शङ्का गर्न थालिएको छ । आफूलाई विश्वास गर्ने युरोपेली देशहरू पनि अमेरिकी प्रशासनको आक्रामक नीतिको विरोध गर्दै अमेरिकाबाट टाढिँदै छन् । स्वाधीन र सार्वभौम देशका राष्ट्रप्रमुख र जनतामाथि बम वर्षा गरेर ध्वस्त पार्ने नियत बोकेका अमेरिकी राष्ट्रपति ट्रम्प र उनको प्रशासनमा शक्तिको घमण्डबाहेक विश्वका मुलुकको विकास गरी शान्ति स्थापना गर्ने र विकास गर्ने सपना कहिल्यै देखिएन ।

अमेरिकी सेनाले जनवरी ३ मा भेनेजुयलामा आक्रमण गरी राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरेर संरा अमेरिका लग्यो । पक्राउ गरेर अमेरिका लगेको आठ महिना भइसक्यो । अझै छोडिएको छैन । भेनेजुयलाको सार्वभौमसत्ता र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्ने अमेरिकी हस्तक्षेपको विषयमा संयुक्त राष्ट्र सङ्घले खासै बोलेको

**बाँकी पृष्ठ ८ मा**

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १३०

**तत्कालीन गृहमन्त्री रमेश लेखक**

गृहमन्त्री देशमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नुपर्ने जिम्मेवारीपूर्ण पद हो र मन्त्रिमण्डलको महत्त्वपूर्ण सदस्य पनि हो । निजको जिम्मेवारी सुरक्षा निकायको दैनन्दिनीको गतिविधिको जानकारी लिनेमा मात्र सीमित नभएर ती निकायहरू कति प्रभावकारी तरिकाबाट आफ्नो कार्य गरिरहेका छन् भनी मूल्याङ्कन गर्ने र छैनन् भने के-कति कारणले सकिरहेका छैनन् भनी सो पत्ता लगाई आवश्यक पर्ने कानुनी सुधारदेखि लजिस्टिक सपोर्ट र समय सुहाउँदो हातहतियार/गोलीगट्ठा उपलब्ध गराउने पनि रहन्छ । यस सन्दर्भमा तत्कालीन गृहमन्त्री रमेश लेखकले कानुनी सुधारतर्फ केही प्रयास गर्न खोजेको देखिन्छ तर ठोस रूपबाट कार्य भएको पाइँदैन ।

भदौ २३ गते सङ्घीय संसद् भवन परिसर वरपर घटेको घटनाका सम्बन्धमा पूर्व-सूचनाको सङ्कलनको कमी, सुरक्षा निकायको भिड नियन्त्रणमा संलग्न अधिकारीहरूमा आवश्यक तालिमको कमी, भिड नियन्त्रण गर्न आवश्यक पर्ने गैरघातकलगायतका साधन समय सापेक्ष नहुनु, घातक हतियारको अनावश्यक प्रयोग, सुरक्षा निकायबिच भिड नियन्त्रण गर्ने सम्बन्धमा उचित समन्वय नहुनु, सुरक्षा निकायहरूको उचित समयमा सही तरिकाबाट परिचालन गर्न कानुनमा देखिएको कमी, सरकारी संयन्त्रप्रतिको जन अविश्वास आदि कारणले गर्दा उक्त घटना घट्न गएको हो । यी सबै कमी कमजोरी हुनुमा तत्कालीन सरकारको जिम्मेवारी रहन्छ । सरकारको सम्बन्धित मन्त्रालयको मन्त्रीको हैसियतले गृहमन्त्रीको पनि जिम्मेवारी रहन्छ ।

प्रहरी कर्मचारीहरूमा दक्षताको कमी, तालिमको अभाव, यथेष्ट र समय सुहाउँदो हातहतियारको कमी र नयाँ गैरघातक/कम घातक हातहतियारको आयातको लागि अग्रसरता नलिनु, २०८२ साल चैत १५ गते कोटेश्वर काठमाडौँको घटनाबाट पाठ सिकी सुरक्षा संयन्त्रबिच समन्वय गर्न आवश्यक कानुनी व्यवस्था नगर्नु र भदौ २३ गतेको घटनामा हताहतको सङ्ख्या अत्यधिक हुनु र घाइतेहरूको सङ्ख्या बढ्नुमा पदीय दायित्वको हिसाबले गृहमन्त्रीको जिम्मेवारी रहन्छ ।

भदौ २३ गते सङ्घीय संसद् परिसरमा प्रहरी र प्रदर्शनकारीहरूबिच झडप सुरु भइसक्दा पनि गृहमन्त्रीजस्तो जिम्मेवार पदाधिकारी राज्य व्यवस्था समितिको छलफलमा व्यस्त रहनुले उक्त घटनालाई गम्भीरतापूर्वक लिएको देखिन आएन ।

भदौ २३ गतेको घटनामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबिच फिल्डमा समन्वयको ठुलो कमी देखिएको छ । उक्त कुरा सुरक्षा अधिकारीहरूले स्वीकार गरेका

**बाँकी पृष्ठ २ मा**

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- रास्वपा सरकारले असोज १० गते शनिबार मध्यराति पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई बिनापुर्जी बाँसबारीस्थित उनकै घरबाट पक्राउ गऱ्यो । पक्राउपछि टेकुस्थित अपराध अनुसन्धान कार्यालयमा ११ घण्टा थुनामा राखेर सोधपुछ गरेको भोलिपल्ट असोज ११ गते दिउँसो १ बजे परिवारको जिम्मामा छोडेको सार्वजनिक भयो । यो पक्राउको राष्ट्रिय मानव अधिकार आयोग र नेपाल बार एशोसिएसनले आपत्ति जनाए । पक्राउबारे पदमा हुँदा जबरा र उनका परिवारविरुद्ध अकुत सम्पत्ति आर्जनको उजुरी परेको तर विस्तृत छानबिन नभएको, उच्च अदालत विराटनगरको न्यायाधीश हुँदादेखि नै उनका फैसला विवादमा परेको, अदालतमा हुँदा ठुला मुद्दामा सफाइ दिएको आदि प्रश्न उठाउनेहरू छन् । केहीले जबरा रास्वपा सरकारविरोधी गतिविधिमा लागेको, अदालतका वादी-प्रतिवादीसँग उनको भेटघाट बढेको, केही विपक्षी दलका नेताहरूसँग

**बाँकी पृष्ठ २ मा**

**व्यङ्ग्यचित्र कुनो**



# वागीश्वरीद्वारा बाढीपीडितका लागि ११ लाख ९५ हजार ३३३ रुपैयाँ सहयोग



भक्तपुर, १२ असोज । गत भदौ १० गते बुधबार रसुवाको भोटेकोसी नदीमा आएको विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लालगायत विभिन्न भागमा पुऱ्याएको मानवीय र भौतिक क्षतिप्रति वागीश्वरी परिवारले दुःख व्यक्त गर्दै विज्ञप्ति निकालेको छ ।

विद्यालयले प्राकृतिक विपद्मा परी ज्यान गुमाउने मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको स्वास्थ्य लाभको कामना गरेको छ । यस विषम परिस्थितिमा प्रभावित नागरिकहरूका लागि राहत तथा पुनर्स्थापनाका लागि वागीश्वरी माध्यमिक विद्यालय र कलेज परिवारको तर्फबाट सङ्कलित सहयोग रकम रु. ११ लाख ९५ हजार ३३३ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला भएको जानकारी गराइएको छ ।

वागीश्वरी माध्यमिक विद्यालयबाट संस्थागत २ लाख, शिक्षक कर्मचारीबाट ७ लाख २५ हजार ८२९ रुपैयाँ, विद्यार्थीबाट ५४ हजार ४१८ रुपैयाँ, प्रा.डा. सिद्धिवीर कर्माचार्यबाट ४४ हजार ४४४ रुपैयाँ गरी १० लाख २४ हजार ६९१ रुपैयाँ रकम दाखिला भएको छ ।

वागीश्वरी कलेजबाट संस्थागत ५० हजार रुपैयाँ, शिक्षक कर्मचारीबाट ६१ हजार ९ रुपैयाँ, विद्यार्थीबाट ८ हजार गरी १ लाख १९ हजार ९ रुपैयाँ रकम दाखिला भएको छ । त्यस्तै, वागीश्वरी कलेज अफ म्यानेजमेन्टको तर्फबाट संस्थागत २५ हजार रुपैयाँ, शिक्षक कर्मचारीबाट १९ हजार ४५३ रुपैयाँ, विद्यार्थीबाट सङ्कलित ७ हजार १८० रुपैयाँ गरी जम्मा ५१ हजार ५३३ रुपैयाँ रकम दाखिला भएको छ ।

दाखिला भएका भौचरसहितको पत्र जिल्ला प्रशासन कार्यालय भक्तपुरका प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्कालाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले हस्तान्तरण गर्नुभयो ।

# शान्तिको कामनासहित भजन कीर्तन

भक्तपुर, १२ असोज । सकारात्मक ऊर्जा र शान्तिको कामना गर्न भक्तपुर लिबालीमा भजन सम्मेलन सम्पन्न भयो ।

लिबालीस्थित सबैभन्दा पुरानो बस्ती रहेको 'मेनचोक' मा आयोजित कार्यक्रममा विभिन्न समूहद्वारा दिनभरि भजनकीर्तन गर्नुका साथै ९० वर्षमाथिका १० जना ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिएको थियो ।

९४ वर्षीय वयोवृद्ध न्हुछेभक्त प्रजापतिले उद्घाटन गर्नुभएको सो कार्यक्रममा भनपा वडा नं ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले देशमा प्राकृतिक विपत्तिमा जनधनको क्षति भएकोले शान्तिको कामना गर्नु सान्दर्भिक भएको बताउनुभयो ।

धार्मिक सहिष्णुताको नाममा विभिन्न धर्मका व्यक्तिहरूले परिवारमा द्वन्द्वहरू निम्त्याइरहेको उदाहरण प्रस्तुत गर्दै वडाध्यक्ष कोजुले सचेत रहन आह्वान गर्नुभएको कार्यक्रममा ग:महाद्यो भजन समूह, वाकुपतिनारायण भजन मण्डल तथा विभिन्न सांस्कृतिक व्यक्तिहरूले भजनमार्फत शान्तिको कामना गरेका थिए ।

आयोजक समितिका अध्यक्ष अजित प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा सचिव दिलरेमन कोजु, इन्दुल केसीलगायतले कार्यक्रमको औचित्यमाथि प्रस्ट पार्नुभएको थियो ।

सम्मानित हुनेहरूमा न्हुछेभक्त प्रजापति र जगनाथ त्वानाबासु हुनुहुन्थ्यो ।

# महाप्रजापति गौतमी प्रव्रज्या दिवसमा अभिनन्दन कार्य

भक्तपुर, १२ असोज । नगदेश बौद्ध समूह -२०४५ को आयोजनामा मध्यपुर, थिमि नगरपालिका-७ महाखेल, नगदेशमा यन्ह्यापुन्ही (मधुपूर्णिमा) को दिनमा नगदेश बुद्ध विहारको धम्महलमा बुद्धकालीन ऐतिहासिक नारी व्यक्तित्व महाप्रजापति गौतमीले प्रव्रजित जीवन यापन गरी भिक्षुणी सङ्घ स्थापना गरेको गुणानुस्मरणमा प्रात:कालीन कार्य सम्पन्न गरियो ।

महाप्रजापति गौतमी प्रव्रज्या दिवसको संस्मरणमा धर्मकीर्ति विहारका श्रद्धेय अनागारिका गुरुमांद्वय केशावती र खेमावतीको नगदेश बुद्ध विहारमा समेत योगदान रहेकोले वाग्मती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापा मगरले अभिनन्दन पत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य समूहका कोषाध्यक्ष रत्नभक्त हाँयजुले गर्नुभयो ।

सभामा नगदेश बौद्ध समूहका अध्यक्ष कृष्णकुमार प्रजापतिले महाप्रजापति गौतमीको योगदानबारे चर्चा गर्नुभयो । वाग्मती प्रदेशका सांसद शकुन्तला श्रेष्ठले अभिनन्दित गुरुमाँहरूप्रति मन्तव्य प्रकट गर्नुभयो ।

सभाध्यक्ष बाबुराम दुवालले धन्यवाद व्यक्त गर्दै सभा समापन गर्नुभयो ।

# बाढीपीडितको पुनर्स्थापना र पुनर्निर्माणमा जोड

भक्तपुर, १२ असोज । बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापाले भोटेकोसीमा आएको विनाशकारी बाढीबाट प्रभावितहरूको पुनर्स्थापना र क्षतिग्रस्त पूर्वाधार निर्माणमा महत्त्वपूर्ण योगदान गर्न निजी क्षेत्रसँग आग्रह गर्नुभयो ।

भक्तपुर उद्योग वाणिज्य सङ्घले आयोजना गरेको बधाई तथा शुभकामना ज्ञापन एवं वस्तु तथा सेवा निर्यात गर्ने उद्योगी, कार्गो व्यवसायी एवं निर्यातकर्ताहरूसँग छलफल कार्यक्रममा मुख्यमन्त्री थापाले बाढीपीडितको पुनर्स्थापना र प्रभावित क्षेत्रमा पुनर्निर्माण गरी पुरानै अवस्थामा फर्काउन पूर्वाधार निर्माण कार्यलाई प्रदेश सरकारले पहिलो प्राथमिकतामा राखेको बताउनुभयो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अन्जन श्रेष्ठले मौलिक एवं स्थानीय उत्पादन निर्यातलाई वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । स्थानीय उत्पादनसँग सम्बन्धित उद्योग व्यवसाय विकासका लागि सीप, तालिम सञ्चालनसँगै युवा, महिला उद्यमशीलता विकास गर्न महासङ्घ, जिल्ला, नगर उद्योग वाणिज्य सङ्घ र प्रदेश सरकार सहकार्य गरी अगाडि बढ्नुपर्ने उहाँको भनाइ छ ।

सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले भक्तपुर जिल्लाको आर्थिक गतिविधिलाई थप चलायमान बनाउन जिल्लामा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र आवश्यक रहेको बताउनुभयो । सङ्घले भक्तपुर जिल्लाका उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने उद्देश्यका साथ दोस्रो भक्तपुर अन्तर्राष्ट्रिय व्यापार मेला सञ्चालन गर्न लागेको जानकारी दिँदै मेला सफल बनाउन स्थानीय सरकार, उद्योगी, व्यवसायीलगायत सम्पूर्ण क्षेत्रको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सङ्घका पूर्वअध्यक्ष एवं कार्यक्रम संयोजक शिवप्रसाद मानन्धर, वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद प्रजापति, उपाध्यक्ष दिनेश गोसाईं, कार्यसमिति सदस्य ऋषिकेश श्रेष्ठलगायतले आ-आफ्नो धारणा राख्नुभयो ।

जिल्लाको आधुनिक एवं व्यवसायिक कृषि, दिगो पर्यटन र निर्यातमुखी हस्तकला, औद्योगिक तथा व्यवसायिक विकास लागि सङ्घको तर्फबाट १३ बुँदे माग एवं सुझावसहितको पत्र मुख्यमन्त्री थापालाई हस्तान्तरण गरिएको थियो ।

# आर्थिक गणना : लगत प्रशोधन प्रक्रिया सुरु

काठमाडौं, १२ असोज । राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक गणनामा सहभागी व्यावसायिक प्रतिष्ठानको लगत प्रशोधन प्रक्रिया धमाधम अगाडि बढाएको छ ।

गणना शाखाका निर्देशक डा. वेदप्रसाद ढकालले प्रविष्टि गरिएको तथ्याङ्कमा रहेका गल्ती, दोहोरिएका विवरण तथा नमिलेका अङ्कलाई सच्याएर गुणस्तर सुनिश्चित गरिने जानकारी दिनुभयो ।

लगत प्रशोधन प्रक्रियालाई अत्यन्त महत्त्वपूर्ण र संवेदनशील कार्यका रूपमा लिइन्छ । सङ्कलन गरिएको तथ्याङ्कलाई सही, परिमार्जित र उपयोगी बनाउन यो प्रक्रिया विभिन्न चरणमा सम्पन्न गरिन्छ । आर्थिक गणनामा १३ लाख ६६ हजार व्यावसायिक प्रतिष्ठान सहभागी भएका थिए । गत वैशाख २ गतेदेखि असार ७ गतेसम्म आर्थिक गणना भएको थियो ।

प्रतिष्ठानलाई तिनीहरूको प्रकृतिका आधारमा औद्योगिक, व्यापारिक, सेवामूलक अन्तरराष्ट्रिय वा राष्ट्रिय मापदण्डअनुसार कोडिङ गरिने छ । यस्तै, कागजी वा डिजिटल फारमलाई केन्द्रीकृत सफ्टवेयर वा डेटाबेसमा प्रविष्टि गर्ने काम भइरहेको निर्देशक डा. ढकालले उल्लेख गर्नुभयो ।

करिब दुई लाख व्यावसायिक प्रतिष्ठानको तथ्याङ्क प्रविष्ट गरिएको छ भने करिब छ लाख प्रतिष्ठानको कोडिङ सम्पन्न गरिसकिएको छ । व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानको सङ्ख्या अलगअलग गणना गरी समावेश गरिनेछ । *(रासस)*

# बागलुङमा पहिरो : १० जनाको मृत्यु, एक बेपत्ता

बागलुङ, १२ असोज । बागलुङमा अविरल वर्षापछि आएको पहिरोमा परी १० जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता भएका छन् ।

वर्षाका कारण पछिल्लो दुई दिनमा जिल्लामा ठूलो मानवीय क्षति भएको हो । आइतबार मात्रै नौ जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता छन् । शनिबार एक जनाको मृत्यु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी प्रमुख फणिन्द्र प्रसाईंका अनुसार आइतबार तमानखोला गाउँपालिकामा चार जनाको मृत्यु, एक जना बेपत्ता र निसीखोला गाउँपालिकामा पाँच जनाको मृत्यु भएको छ ।

तमानखोला गाउँपालिका-३ धर्नासुकमा घर पुरिँदा ८० वर्षीय बुद्धिराज घर्ती र ६६ वर्षीया भीमदेवी घर्तीको मृत्यु भएको छ । सोही स्थानमा पहिरोले आठ घर बगाएको छ ।

तमानखोला गाउँपालिका-४ सन्तरमा पहिरोले घर पुरिँदा ५० वर्षीय हस्तवीर श्रीपैंली र ६५ वर्षीया उडिसरा श्रीपैंलीको मृत्यु भएको छ । हस्तवीरकी श्रीमती पहिरोमा परी बेपत्ता हुनुभएको छ । निसीखोला गाउँपालिका-३ जुजखोलाको हदधारामा पहिरोले घर पुरिँदा एकै परिवारका चार जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३६ वर्षीया श्यामकुमारी विक, उहाँका छोरा १३ वर्षीय मनोज, आठ वर्षीय मुकेश र तीन वर्षीय निशान विक छन् ।

यस्तै, निसीखोला गाउँपालिका-६ रङ्गिलमा पहिरोले गोठ पुरिँदा ५० वर्षीय सूर्यबहादुर घर्तीको मृत्यु भएको छ । शनिबार ताराखोला गाउँपालिका-५ धस्मरमा पहिरोले घर पुरिँदा ५९ वर्षीय मनबहादुर रोकाको मृत्यु भएको थियो ।

*देशको...*

उनको साँठगाँठ रहेको पनि सार्वजनिक गरे । जेनजी युवाबाट जबरालाई ग्रेट भएको हुँदा रास्वपा सरकारबाट जबरालाई पक्राउ गर्न निर्देशन भएको पनि सार्वजनिक भयो । जबराको संलग्नता आपराधिक क्षेत्रमा हिजो वा आज भएको भए रास्वपा सरकारले सोहीबमोजिम पक्राउ गरी पूरा छानबिन सहित फौजदारी मुद्दा चलाउनु जरुरी हुन्छ । रास्वपा सरकारले जबरालाई मध्यराति पक्राउ गरी भोलिपल्ट बिहान किन छाड्यो ? यो प्रश्नको जवाफ पाउने आशामा नेपाली जनता छन् । जबरा पक्राउबारे गोरखापत्र दैनिकमा कुनै खबर प्रकाशित किन भएन ? रास्वपा सरकारले आफैले पक्राउ गरेको समाचार लुकाउन मिल्छ ?

● सरकारमा समस्या समाधानको दूरदृष्टि हुनु पर्दछ । यतिखेर उपभोग्य सामानको मूल्य अचाक्ली बढेको छ । गत चैतमा कुखुरामा बर्डफ्लु देखिएपछि खसीलगायत अरु मासु र माछाको मूल्य पनि बढ्यो । अहिले व्यापारीहरूले मनलाग्दी मूल्य तोकेर बेच्दा पनि रास्वपा सरकार मौन छ । असारमा खसीको मासु प्रतिकिलो ११०० थियो, अहिले १८०० पुग्यो । राँगाको मासु ५०० थियो, अहिले ७५० पुग्यो । माछा ४५० थियो, अहिले ७५० पुग्यो । सरकारहरूले काठमाडौँमा बसाइँसराइ बढाएको हुँदा अहिले यहाँ दैनिक ५ हजार खसी बोकाको माग छ भने आपूर्ति ३ हजारसम्म भइरहेको छ । सरकारले आफ्नै देशमा पशुपालनलाई प्रवर्द्धन गर्न नसकेको हुँदा यो सङ्कट आएको हो । नेका, एमाले, माओवादी, रास्वपासमेत मिलेर अघिल्लो संसद्को बेला सामानमा व्यवसायीले तोकेको मूल्य अन्तिम हुने कानुन संशोधन गरेको हुँदा अहिले मनलागी मूल्य बढेको हो । मनपरी मूल्य तोकेर कालोबजारी गर्नेहरूलाई कारबाही गर्न नसक्ने रास्वपाको दुईतिहाइ सरकारको औचित्य छ र ?

*कार्की...*

छन् र सुरक्षा विज्ञहरूले आयोगसँगको अन्तक्रियामा समेत दुई सङ्गठनबिचको प्रभावकारी समन्वय नभएको औंल्याएका छन् ।

सबैभन्दा महत्वपूर्ण पक्ष हो । भदौ २३ गते करिब १२:०० बजे दिउँसोको समयमा सुरु भएको प्रदर्शनकारी र प्रहरीबिचको चार घण्टासम्म चलेको झडपमा गृहमन्त्रीले सुरक्षा निकायबिच समन्वय गरी प्रहरी परिचालनमा प्रभावकारिता गर्न निर्देशन र सिज फायर आदेश दिई तनाव कम गरी परिस्थिति नियन्त्रण हुनसक्थ्यो । गृहमन्त्रीजस्तो जिम्मेवारीमा बसेको व्यक्तिबाट सुरक्षा अवस्थालाई सामान्यीकरण गरी त्यसलाई समाधान गर्न, जोखिम न्यूनीकरण गर्न प्रधानमन्त्रीमार्फत सुरक्षा निकायबिच समन्वय गरी बढी जनशक्ति पठाउनु पर्ने अथवा सैनिक मुख्यालयसँग समन्वय गरी नेपाली सेनासँग सहयोग लिई प्रदर्शनात्मक असरको लागि सेना परिचालन गर्न सकिएको भए हताहतको सङ्ख्या कम हुनसक्थ्यो । सुरक्षा स्थितिबारे जानकारी हुँदा पनि गृहमन्त्रीजस्तो जिम्मेवार व्यक्तिबाट समय मानै आवश्यक पहल नभएको देखिन्छ ।

## सङ्क्षिप्त समाचार

# क्षमताभन्दा बढी कैदीबन्दी व्यवस्थापनमा चुनौती

कपिलवस्तु, १२ असोज । कपिलवस्तु कारागारमा क्षमताभन्दा ७६ जना बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा चुनौती देखिएको छ ।

करिब ३५० जना क्षमता रहेको उक्त कारागारमा हाल ४२६ जना कैदीबन्दी रहेको कारागार प्रमुख मानबहादुर सारुले जानकारी दिनुभयो । कारागार व्यवस्थापन विभागले पछिल्लो समय ५० जना महिला कैदीबन्दीसमेत कपिलवस्तु कारागारमा थप गरेको छ ।

यसअघि पुरुष कैदीबन्दी मात्रै राखिँदै आएको कारागारमा महिला कैदीबन्दी थपिएपछि व्यवस्थापनमा थप चुनौती देखिएको छ । कारागार प्रमुख सारुका अनुसार ब्लक 'ए' मा १८० जनाको क्षमता रहेकोमा २२७ जना र ब्लक 'बी' मा १७२ जनाको क्षमता रहेकोमा १९९ जना कैदीबन्दी छन् । उहाँले क्षमताभन्दा बढी कैदीबन्दी हुँदा बसोबास, स्वास्थ्य, सरसफाइ तथा दैनिक व्यवस्थापनमा समस्या हुने गरेको बताउनुभयो । "उपलब्ध संरचनाको क्षमताभन्दा कैदीबन्दीको सङ्ख्या बढी छ, त्यसैले व्यवस्थापनमा चुनौती छ", उहाँले भन्नुभयो ।

विसं १९९५ मा स्थापना भएको कारागारको भौतिक संरचना पुरानो भएकाले कैदीबन्दीको सङ्ख्याअनुसार थप संरचना तथा आवश्यक पूर्वाधारको व्यवस्था गरिनुपर्ने आवश्यक रहेको प्रमुख सारुले बताउनुभयो । ***(रासस)***

# विमानस्थलबाट सुनसहित एक व्यक्ति पक्राउ

काठमाडौँ, १२ असोज । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट प्रहरीले ४२२ दशमलव ५ ग्राम सुनजस्तो देखिने पदार्थसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको दिल्लीका ४६ वर्षीय असलम शौकत रहेका विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिनुभयो । पक्राउ परेका शौकत मुम्बईबाट इन्डिगो एयरको उडानमार्फत काठमाडौँ आएका हुन् ।

प्रहरीका अनुसार गएराति निज शौकत अस्वाभाविक रूपमा हिँडडूल गरिरहेको देखिएपछि शङ्का लागेर जाँच गर्दा उनको अन्डरवेयरभित्र प्लास्टिकले बेरेर लुकाइ राखेको अवस्थामा उक्त पदार्थ फेला परेको हो ।

पक्राउ परेका शौकतलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि प्रहरी वृत्त गौशाला पठाइएको प्रवक्ता सिलवालले बताउनुभयो । ***(रासस)***

# थुनिएको मर्स्याङ्दी नदीमा पानी बग्न थाल्यो

मनाङ, १२ असोज । अविरल वर्षापछि स्थानीय घट्टेखोलामा आएको लेदोसहितको ढुङ्गा, गिट्टी, बालुवा थुप्रिएर तातोपानी क्षेत्रमा थुनिएको मर्स्याङ्दी नदी पछिल्लो समय सामान्य रूपमा बग्न थालेको छ । नदी थुनिएर बनेको तालबाट आंशिक रूपमा पानी बग्न थालेको प्रहरीले जनाएको छ । नासौँ गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेका अनुसार चार दिनको अबिरल वर्षाका कारण जिल्लाका विभिन्न स्थानमा विद्युत्, टेलिफोन र सडक सञ्जाल अवरुद्ध भएकका छन् ।

"विपदको समयमा हामी टेलिफोन, विद्युत् र सडक सञ्जालबाट नै विच्छेद भएका छौँ", उहाँले भन्नुभयो, "स्थानीय सरकारले उपलब्ध सीमित स्रोतसाधन परिचालन गरी अधिकतम काम गरिरहेको छ । यतिबेला प्रदेश र सङ्घ सरकारले हामीलाई अभिभावक भएको महसुस गराउन सक्नुपर्छ ।"

उहाँका अनुसार बाढी आउने क्रम घटेपछि नेपाली सेनाको ब्यारेक, सामुदायिक भवनलगायतका सार्वजनिक भवन र स्थलमा आश्रय लिएका स्थानीयबासी सोमबार विहानै आआफ्नो घर तथा गाउँमा भएको क्षतिकाबारे जानकारी लिन थालेका छन् । प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले थुनिएको मर्स्याङ्दी नदीको पानीका बहाव क्रमशः खुल्दै गएको बताउनुभयो । त्यस क्षेत्रमा सडक सम्पर्क विच्छेद रहेकाले स्काभेटर लगेर पानीको बहावलाई सुचारु गर्ने सन्दर्भमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयो । बाढीले लमजुङ र मनाङको सीमा क्षेत्रमा रहेको ताल बजारमा क्षति पुर्‍याएको छ । प्रमुख जिल्ला अधिकारी खनालले भन्नुभयो, "मर्स्याङ्दीको नदी तटीय क्षेत्रका बासिन्दालाई अझै सचेत रहन हामी आग्रह गर्दछौँ ।"

निरन्तरको वर्षाका कारण ठाडो खोला र घट्टे खोलाको बाढीले त्यस क्षेत्रमा कटान गरी घर, पुल, सडकमा क्षति पुर्‍याएको छ । विसं २०७८ जेठ १४ र असार १ गते घट्टेखोला, ठाडो खोला र मर्स्याङ्दीको बाढीले पनि मनाङमा ठुलो भौतिक क्षति पुऱ्याएको थियो । ***(रासस)***

# दार्चुलाको किसानको गुनासो,'लटरम्म स्याउ फले, बिक्री हुँदैन '

दार्चुला, १२ असोज । जिल्लाको अपी हिमाल गाउँपालिका-३ पाथा र कसौती गाउँमा लटरम्म स्याउ फलेका छन् । ती गाउँका झण्डै ५० परिवारले व्यावसायिक र परम्परागत रूपमा स्याउखेती गरेका छन् । कलमी, गाला, इटालीयन फुजी जातका उन्नत स्याउ प्रशस्त फले पनि बजार अभाव र ढुवानी समस्याका कारण बिक्रीवितरण हुन नसकेको हिमालयन कृषि फार्मका सञ्चालक कपुरसिंह धामीले गुनासो गर्नुभयो ।

उहाँले व्यावसायिक स्याउखेती गरेका छन् । ५०० भन्दा बढी बोटमा १५/२० क्विन्टल स्याउ फले तर ढुवानीको समस्या र बजार अभावका कारण समस्या भएको उहाँले बताउनुभयो । "गाउँमा सबै परिवारले स्याउखेती गरेका छन्, एक सयभन्दा बढी बोटबिरुवा हुने १०/१२ परिवार छन्, अरूले त अलिअलि बिक्री गरे, आफन्त आफन्तलाई दिए, आफ्नो त १० क्विन्टल जति स्याउ त्यत्तिकै छ," धामीले भन्नुभयो, "एक सय रूपैयाँ प्रतिकिलोका दरले गाउँमै एक क्विन्टल जति बिक्री गरेँ, गाडीसम्म ढुवानी गर्दा एकदिन पूरै लाग्छ, त्यहाँ लगरे पनि बिक्री हुने नुहुने ठेगान छैन ।" ***(रासस)***



**पुलमुनि अड्किएको क्रुज**

नारायणीमा आएको बाढीले आइतबार साँझ बगाएर नवलपुरको गैँडाकोट-२ स्थित पुलमुनि अड्काएको नेपालकै एक मात्र 'राइनो क्रुज' । पुलको पिल्लरमा अड्किएको क्रुज निकाल्ने तयारी भइरहेको छ । *तस्बिर: टेकराज पोखरेल/रासस*

# विपद्मा सहारा बन्दै स्थानीय स्वयम्सेवक

राँझा (बाँके), १२ असोज । भारी वर्षाका कारण राप्ती नदीमा हुने बाढीजन्य विपद् व्यवस्थापनमा स्थानीय स्वयंसेवक तटीय क्षेत्रका बासिन्दाको सहारा बनेका छन् । राप्ती नदीमा पानीको सतह बढ्दा सम्भावित बाढीको त्रासमा रहेका राप्ती सोनारी गाउँपालिका वासीलाई यो त्रासमा मल्हम लगाउन दक्ष स्थानीय विपद् व्यवस्थापन स्वयंसेवक अहिले प्रतिकार्यकालागि आ-आफ्नो समुदायमा खटिएका छन् ।

गाउँपालिका अध्यक्ष तप्त पौडेलका अनुसार चार दिनदेखि जारी वर्षापछि सिर्जित जोखिम व्यवस्थापनमा प्रशिक्षित स्वयंसेवकहरू उच्च सतर्कताका साथ समुदायमा खटिएका छन् । "विपद् पर्दा सुरक्षाकर्मी नपुग्दासम्म के गर्ने भनेर पहिले समुदायमा अलमल हुन्थ्यो, अब त्यो अवस्था छैन," उहाँले भन्नुभयो, "बाढीमा फसेकाको उद्धार, आगलागी नियन्त्रण र प्राथमिक उपचारका लागि सुरक्षाकर्मी नपुग्दासम्म यो टोली पूर्ण रूपमा सक्षम बनेको छ ।"

राप्तीसोनारी गाउँपालिका भौगोलिक रूपमा बाढी, पहिरो, सडक अवरोधजस्ता बहुप्रकोपको जोखिममा छ । यसैलाई दृष्टिगत गरी गाउँपालिकाले सशस्त्र प्रहरी बलको ४२ नम्बर रिजर्भ गण शम्शेरगञ्जसँगको साझेदारीमा १८ दिने व्यावहारिक तालिम दिएर तयार गरेका ४९ जना स्वयंसेवकलाई अहिले समुदायमा खटाएको गाउँपालिका अध्यक्ष पौडेलले बताउनुभयो ।

"भौगोलिक विकटता र वर्षाका बेला सडक अवरुद्ध हुने समस्याका कारण विपद् परेको तत्कालै बाह्य उद्धार टोली वा सुरक्षाकर्मी घटनास्थल पुग्न गाह्रो हुन्छ," उहाँले भन्नुभयो, "यस्तै अवस्थालाई मध्यनजर गर्दै गाउँपालिकाले पालिकाका सबै वडा समेटिने गरी स्थानीयलाई नै तालिम दिएर 'प्रथम उद्धारकर्ता'का रूपमा तयार गरेका स्वयम्सेवक अहिले समुदायको सहारा बनेका छन् ।"

स्वयंसेवकहरूलाई दिइएको तालिम केवल सिद्धान्त र टिपोटमा मात्र सीमित थिएन । सशस्त्र प्रहरी बलको ४२ नम्बर रिजर्व गण शम्शेरगञ्जका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक श्याम रावतका अनुसार सम्भावित घटनास्थलमा नै उतारेर उद्धारका व्यावहारिक अभ्यास गराइएको छ ।

तालिमका क्रममा स्वयंसेवकहरूले बाढीमा फसेकालाई सुरक्षित निकाल्ने, आगो नियन्त्रण गर्ने, पानी नहुने ठाउँमा आगो निभाउने वैकल्पिक तरिका र भूकम्पपछि संरचना हटाएर घाइतेको उद्धार गर्ने सीप सिकेका छन् ।

अस्पताल पुग्नुअघि नै जीवन गुम्ने जोखिम घटाउन मुटु तथा श्वासप्रश्वास रोकिएको अवस्थामा दिइने जीवनरक्षक विधिको समेत अभ्यास गराइएको छ । आफू सुरक्षित रहेर घाइतेको पहिचान गर्ने, प्राथमिक उपचार दिने र सुरक्षित रूपमा स्वास्थ्य संस्था वा थप उद्धार टोलीसम्म पुऱ्याउने प्रक्रियामा स्वयंसेवकलाई दक्ष बनाइएको उहाँको भनाइ छ ।

राप्तीसोनारी -३ का वडाध्यक्ष मीनकुमार चौधरीका अनुसार बाह्य टोलीको भर पर्नुभन्दा स्थानीय समुदायलाई नै पूर्वतयारीमा राख्ने रणनीति एकदमै प्रभावकारी छ । "बाहिरबाट उद्धार टोली आइपुग्न समय लाग्छ," उहाँले भन्नुभयो, "त्यो बीचको समयमा प्रारम्भिक उद्धार र प्राथमिक उपचार गर्न सक्ने जनशक्ति आफ्नै गाउँमा हुनु पालिकाको विपद् प्रतिकार्य प्रणालीका लागि कोसेढुङ्गा साबित भएको छ ।"

प्राकृतिक विपद्लाई रोक्न नसकिए पनि पूर्वतयारी र दक्ष जनशक्ति भयो भने क्षति न्यूनीकरण गर्न सकिन्छ भन्ने उदाहरण राप्तीसोनारी गाउँपालिकाले देखाएको छ । सशस्त्र प्रहरीको प्राविधिक सहयोग र गाउँपालिकाको लगानीमा तयार भएका ४९ जना विपद् स्वयंसेवकहरू अहिले राप्तीसोनारीका बासिन्दाका लागि सुरक्षाको बलियो भरपर्दो सहारा बनेको वडाध्यक्ष चौधरीको भनाइ छ । ***(रासस)***

# पृथ्वी राजमार्गका विभिन्न स्थानको पहिरो हटाउने काम तीव्र

काठमाडौँ, १२ असोज । अविरल वर्षाका कारण पहिरो खसेर अवरुद्ध बनेको पृथ्वी राजमार्गका विभिन्न स्थानमा सडक खुलाउनका लागि निरन्तर प्रयास जारी रहेको छ । सडकमा पहिरो खस्नुका साथै केही स्थानमा बाढीले सडक कटान र डाइभर्सन बगाएपछि यातायात सञ्चालनमा समस्या भएको हो ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता नरेशराज सुवेदीका अनुसार धादिङ जिल्लाको गजुरी गाउँपालिका-२ चालिसे र गजुरी गाउँपालिका-५ बाङ्गेमोडमा खसेको पहिरो हटाउने काम भइरहेको छ । ठुलो परिमाणमा लेदोसहितको पहिरो खसेकाले सडक पूर्ण रूपमा खुलाउन केही समय लाग्ने जनाएको छ ।

प्रवक्ता सुवेदीका अनुसार पृथ्वीराजमार्गअन्तर्गत कृष्णभिरमा खसेको पहिरो हटाएपछि एकतर्फी रूपमा सवारीसाधन सञ्चालन गर्न सकिने अवस्था बनेको छ । चालिसे र बाङ्गेमोडमा पहिरो पूर्ण रूपमा हटाउन बाँकी रहेकाले सो सडकखण्डमा तत्काल नियमित रूपमा सवारी सञ्चालन गर्न सकिने अवस्था नरहेको उहाँले जानकारी दिनुभयो ।

"कृष्णभिरको पहिरो हटाई एकतर्फी सञ्चालन गर्न सकिने भए पनि चालिसे र बाङ्गेमोडलगायतका स्थानमा अझै पहिरो हटाउने काम बाँकी भएको सो मार्ग हुँदै सवारी सञ्चालनमा केही कठिनाइ छ", प्रवक्ता सुवेदीले भन्नुभयो ।

पहिरो हटाउने क्रममा थप वर्षा भएमा माथिबाट पुनः पहिरो खस्ने जोखिम रहेकाले सवारीसाधन सञ्चालनमा थप समस्या हुनसक्ने ट्राफिक प्रहरीले जनाएको छ ।

कान्तिलोकपथअन्तर्गत ठिङ्गन तथा फर्पिङ-फाखेल खण्डमा समेत पहिरो खसेकाले हटाउने काम भइरहेको छ । ट्राफिक प्रहरीका अनुसार वर्षाकै कारण बिपी राजमार्गमा सवारी आवागमन प्रभावित भएको छ । बिपी राजमार्गको माम्ती, पिप्ले, दाउन्ने-कालोपुल, चारसयबेँसी, कटुन्जे, चौकीडाँडालगायत स्थानमा पहिरो तथा बाढीले डाइभर्सन बगाउँदा यातायात सेवा अवरुद्ध भएको हो ।

उता काठमाडौँको दक्षिणकाली-सिस्नेरी सडकखण्डमा साना सवारीसाधन तथा टाटा सुमोलगायतका गाडी सञ्चालनमा छन् । ठुला सवारीसाधनलाई भने त्रिभुवन राजपथ हुँदै सञ्चालन गर्ने व्यवस्था मिलाइएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो ।

ट्राफिक प्रहरीका अनुसार दक्षिणकाली-सिस्नेरी सडकखण्ड तथा त्रिभुवन राजपथमा सवारीसाधनलाई निश्चित समयतालिका बनाएर आलोपालो सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

लगातारको वर्षाका कारण काठमाडौँ उपत्यकाबाट बाहिरिने तथा उपत्यका प्रवेश गर्ने प्रमुख सडकमार्गमा यातायात प्रभावित भएपछि यात्रु भने समस्यामा परेका छन् । विशेषगरी पृथ्वीराजमार्ग र बिपी राजमार्गमा पहिरो तथा बाढीका कारण सडक अवरुद्ध हुँदा लामो दूरीका सवारीसाधन बाटोमै रोकिएका छन् । प्रहरीले राजमार्गको अवस्था सामान्य नभएसम्म चालक तथा यात्रुलाई धैर्य गर्न, जबर्जस्ती अवरुद्ध सडक पार गर्ने प्रयास नगर्न र ट्राफिक प्रहरी तथा सम्बन्धित निकायले दिएको सूचनाअनुसार यात्रा गर्न आग्रह गरेको छ । ***(रासस)***

# फाइबर चुँडिएपछि तीन जिल्लामा सञ्चार सम्पर्क विच्छेद

म्याग्दी, १२ असोज । फाइबर चुडिएपछि धवलागिरिका तीन जिल्लामा आइतबार बिहानदेखि सञ्चार सम्पर्क विच्छेद भएको छ ।

पर्वतको कुश्मा नगरपालिका-१ सहश्रधारामा कालीगण्डकीले कटान गरेर विद्युत्, नेपाल टेलिकम र निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायक कम्पनीको फाइबर जडित पोल बगाएपछि सञ्चार सेवा प्रभावित भएको हो ।

म्याग्दी, बागलुङ र मुस्ताङ जिल्लामा नेपाल टेलिकमको मोबाइल, ल्यान्डलाइन र इन्टरनेट तथा निजी कम्पनीहरूको इन्टरनेट सेवा अवरुद्ध हुँदा जनजीवन प्रभावित भएको छ ।

नेपाल टेलिकमको म्याग्दी वितरण केन्द्रका प्रमुख युवराज पौडेलले बाढीले पाँच सय मिटर फाइवर जोडेको चारवटा पोल बगाउँदा सञ्चार सेवा प्रभावित भएको बताउनुभयो ।

कालीगण्डकी नदीले मालढुङ्गामा मोटरेबल पुलको पहुँचमार्ग बगाएकाले प्राविधिक टोली सहश्रधारा पुगेर फाइवर तान्न र मर्मत गर्न नसकेको उहाँले बताउनुभयो । विपद्को समयमा सञ्चार सेवा अवरुद्ध हुँदा सूचना आदानप्रदान, उद्धार, राहतको काममा समस्या भएको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घ म्याग्दी शाखाका अध्यक्ष हरिकृष्ण गौतमले सञ्चार सेवा अवरुद्ध हुँदा सर्वसाधारण, प्रशासनिक, सुरक्षा निकाय र जनप्रतिनिधिदेखि सञ्चारकर्मीलाई सूचना सम्प्रेषण गर्न समस्या भएको बताउनुभयो । ***(रासस)***

।सम्पादकीय।

# अविरल वर्षामा पनि नेपालीको जनधनमा थप क्षति

मौसम अध्येताहरूले असोज ८ देखि १२ गतेसम्म देशभरि नै भारी वर्षा हुने पूर्वानुमान गरी सतर्क हुन आग्रह गरेका थिए। रास्वपा सरकार पनि पूर्वसूचना प्रवाहसहित देशभरि १६-१७ हजार सुरक्षाकर्मी खटाएको दाबी गर्दै छ। तर, अविरल वर्षामा गण्डकी प्रदेशका बागलुङ, म्याग्दी, मुस्ताङ जिल्ला सबभन्दा बढी प्रभावित भएको सार्वजनिक भयो। असोज ९, १० र ११ गते तीन दिनको भारी वर्षासँगै पहिरोमा परेर २४ जनाको मृत्यु र १४ जना बेपत्ता भएको सार्वजनिक भयो। देशभरि २५६ ठाउँमा पहिरो गएको, १४३ घर पूर्णरूपमा क्षति भएको र ७४७ परिवार प्रत्यक्ष प्रभावित भएको बाहिरियो।

अविरल वर्षाको कारण सङ्घीय राजधानी काठमाडौँ जोड्ने पृथ्वी राजमार्ग, बीपी राजमार्ग, कान्ति लोकपथ, काठमाडौँ-फाखेल-हेटौँडा सडक, दक्षिणकाली-सिस्नेरी-हेटौँडा सडक, त्रिभुवन राजपथ अवरुद्ध भएको सार्वजनिक भयो। नारायणी नदीमा पानीको बहाव इतिहासकै उच्च बिन्दुमा पुगेको र जलमापन केन्द्र देवघाटमा पानीको सतह ११.९१ मिटर पुग्यो। नारायणी नदीमा २०८१ असोज १२ गते ११.६ मिटर जलमापन पुगेको थियो। यो नदीमा जलमापन ९ मिटर पुग्नुलाई खतरा मानिन्छ।

केही महिनाअघि नेपाल-भारत खुला सीमा रहेको नवलपरासीको सुस्तामा दुई देशको सीमाको रूपमा रहेको रुख बाढीले बगाएको सार्वजनिक भयो। वि.स. २०२२ सालयता नेपालको सुस्तामा भारतीय विस्तारवादको अतिक्रमण बढेको र झन्डै काठमाडौँ उपत्यकाको एकतिहाइ भूभाग बराबर भारतले मिचेको बाहिरियो। यतिबेला भारी वर्षाले पश्चिम नवलपरासीको सुस्तामा नारायणी नदीको बाढी पसेको र प्रभावित बसोबासी थारु टोलका ८ सयभन्दा बढीलाई डुङ्गाको सहारामा सुरक्षित स्थानमा लगिएको थियो। यही मौकामा भारतीय विस्तारवादले सुस्तामा नेपाली भूमि अतिक्रमण तीव्र पार्ने खतरा बढ्यो।

अविरल वर्षाले सर्लाहीको मलङ्गवा क्षेत्र डुबानमा पर्‍यो। मकवानपुरको ज्यामिरेमा जमिन चिरिएर करिब चार फिटसम्म तल सरेपछि बस्ती जोखिममा पर्‍यो भने स्थानीयलाई सुरक्षित स्थानमा सारियो। सिराहाको कमला नदीमा पानीको बहाव प्रतिसेकेन्ड नौ सय क्युसेक पुगेपछि बाँधलाई क्षति हुन नदिन बालुवाको बोरा राखियो।

बाढीपहिरोको जोखिमलाई ध्यानमा राखी सुदरपश्चिमका भीमदत्त राजमार्ग, केआइसिंह राजमार्ग, जयपृथ्वी राजमार्ग बन्द गरियो। कर्णाली राजमार्गको कालिकोटस्थित गगने खोला र राप्ती राजमार्गको सल्यानस्थित कपुरकोट खण्ड अवरुद्ध भयो। हुम्लास्थित सर्केगाड खण्ड,मुगुको नाग्म-गमगढी सडक र बाजुराको साँफे-मार्तडी सडक पनि अवरूद्ध भयो।

नेपाल मजदुर किसान पार्टीले २०४६ सालयता नेपालको हिमाली र पहाडी क्षेत्रमा रोपवे, सुरूङ मार्ग, केवलकारले जोड्नुपर्ने विषय सडक र संसद्मा उठाउँदै आएको हो। सरकारहरूले यो आवाजलाई बेवास्ता गरेको हुँदा आज सङ्कट गहिरिँदै छ।

भदौ १० गते रसुवाको भोटेकोसीमा आएको हिमपहिरोबाट धेरै जनधनको क्षति भएको पीडा सेलाउन नपाउँदै असोज ८ देखि ११ गतेसम्मको भारी वर्षाले थप जनधनको क्षति भयो। भोटेकोसी हिमपहिरोमा परेर मृत्यु भएकाहरूको बाँचेका परिवार ४६२७ र उद्धार गरिएका १३७२८ जनालाई होल्डिङ सेन्टरमा राखिएको छ। बाढीले ८६९२ घरधुरी बगाएको, ७५७० घर जीर्ण पारेको र २८२ घरलाई आंशिक क्षति पुर्‍याएको, सार्वजनिक निकायको भवन ४८, विद्यालय भवन १९, बैङ्क तथा वित्तीय संस्थाको भवन १४ बगाएको सार्वजनिक भयो।

बाढीले कृषियोग्य भूमि १८०६ हेक्टर, ५५ किमि सडक, ३७ गाडी गुड्ने पुल, ६८ झोलुँगे पुल बगायो। क्षति पुन:स्थापनाको लागि जुटेको १४ अर्ब कोष हेलिकप्टर उडानमा खर्च भएको पनि सार्वजनिक भयो। पुन:निर्माणको लागि ७-८ खर्ब लाग्ने हुँदा नेपाली जनतालाई थप भार हुनेछ।

भूकम्प, कोभिड, बाढी, पहिरोलगायत सङ्कट र निर्वाचनमा केही उद्योगी-व्यापारीहरू कुम्ल्याउने धन्दामा लाग्छन्। यसकारण, पनि थप सङ्कट आउँदै छ। यतिबेला रास्वपा सरकार सचेत नभएको हुँदा नेपाली जनता नै सचेत हुनु जरूरी छ।

# भक्तपुरका जीवित कला र संस्कृति भक्तपुरवासीको सान र मान



सुनिल प्रजापति, प्रमुख, भक्तपुर नगरपालिका

सांस्कृतिक नगर तथा नाचगानको राजधानीका रूपमा परिचित भक्तपुर मूर्त र अमूर्त सम्पदाले भरिएको नगर हो। टोल-टोलमा रहेका मठ-मन्दिर, देवालय, शिवालय, पाटी, सत्तल, ढुङ्गेधारा, पोखरीहरू लिच्छविकालीन र मल्लकालीन इतिहासका जीवन्त प्रमाण हुन्। त्यसैगरी परम्परागत नाचहरू, दाफा-भजनहरू र अन्य थुप्रै अमूर्त सम्पदाहरू पनि यहाँ जीवित छन्। समयक्रमसँगै कैयौँ महत्त्वपूर्ण मूर्त र अमूर्त सम्पदा लोप भइसके भने कैयौँ लोपोन्मुख अवस्थामा पुगे। भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणको नीति लिएदेखि भने त्यस्ता सम्पदा लोप हुन पाएनन् मात्र होइन, धेरैले पुनर्जीवन पाए। नगरपालिकाले अधिकांश सम्पदालाई पुरानै मौलिक स्वरूपमा फर्काउने प्रयास गर्दै आएको छ।

२०७२ सालको विनाशकारी भूकम्पले ठूलो धनजनको क्षतिसँगै भक्तपुरका सयौँ अमूल्य सम्पदामा पनि ठूलो क्षति पुर्‍यायो। विश्व प्रसिद्ध ङातापोल्हँ (पाँचतले मन्दिर), भैरवनाथ मन्दिर, वत्सला मन्दिरदेखि लिएर नगरका साना-ठूला गरी सयौँ सम्पदामा आंशिक तथा पूर्ण क्षति भयो। त्यतिबेला देशैभरका स्थानीय निकाय जनप्रतिनिधिविहीन थिए। भूकम्पपीडितलाई सहयोग गर्ने नाममा विभिन्न देशका एनजीओ, आईएनजीओहरू पैसाको झोला बोकेर नेपाल आइपुगे।

सोही क्रममा नेपाल सरकारले भक्तपुरको सम्पदा संरक्षणका लागि जर्मनी सरकारसँग १ करोड युरो (नेरु. करिब १ अर्ब २० करोड) सहयोगको सम्झौता गर्‍यो। त्यो भक्तपुरका १० वटा सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धारका लागि थियो। नगरपालिकामा जनप्रतिनिधिविहीनताको फाइदा उठाउँदै जर्मनहरू भक्तपुर आवतजावत गर्न थाले। नेपाल सरकारको निर्णयलाई त्यतिबेला नगरपालिकाका कार्यकारी अधिकृतले अस्वीकार गर्न सक्ने अवस्था थिएन।

२०७४ साल वैशाखमा सम्पन्न स्थानीय निर्वाचनमा भक्तपुर नगरपालिकामा सम्पूर्ण जनप्रतिनिधि नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित भएपछि शिक्षा, स्वास्थ्य, सरसफाइजस्ता आधारभूत कामसँगै सम्पदा पुनर्निर्माणलाई पनि प्राथमिकताका साथ अगाडि बढाइयो। नेपाल सरकारले जर्मन विकास बैङ्क (केएफडब्लू) सँग गरेको सम्झौताका कारण भक्तपुर नगरपालिकाले सम्पदा पुनर्निर्माणको काम अगाडि बढाउन सकिरहेको थिएन।

सम्झौतामा जर्मनीको अनुदान रकमको लेखापरीक्षण उनीहरूकै लेखापरीक्षकले गर्ने, मुद्दा परेको खण्डमा जर्मनीको कानुनअनुसार जर्मनीमै मुद्दा चलाउने, प्राविधिकहरूको निर्देशक समिति जर्मनी पक्षले बनाउने, त्यसको सिफारिसमा मात्र सामान खरिद गर्ने तथा आवश्यक परेमा डन्डी, सिमेन्ट पनि प्रयोग गर्ने, पुनर्निर्माणको काम ठेक्कामा गराउनेजस्ता बुँदा थिए। त्यसबारे पटक-पटक छलफल भए पनि जर्मनी पक्ष सम्झौता संशोधनको पक्षमा थिएन।

अन्तत: नगरपालिका जनताको भावनाअनुसार सशर्त विदेशी अनुदान नस्वीकार्ने निष्कर्षमा पुग्यो। जनताको सहयोगमा सम्पदा पुनर्निर्माण र जीर्णोद्धार गर्ने नगरपालिकाको निर्णयपछि वडावडामा जनताको श्रमदान र सहयोगमा सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धारका काम भए। जनताको भावनात्मक एकताले छोटो समयमा भक्तपुरका सम्पदा उठ्न थाले। स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग गरी मौलिक स्वरूपमा बनेका सम्पदाले आज भक्तपुरवासीलाई गौरव गर्ने अवसर दिएका छन्।

भक्तपुर नगरपालिकाले उपभोक्ता समितिमार्फत पुनर्निर्माण र जीर्णोद्धारको कामलाई अगाडि बढायो। पुर्खाले निर्माण गरेका सम्पदाको पुनर्निर्माण आफ्नै हातबाट गर्न पाउँदा स्थानीय जनता खुसी भए। जनताले सम्पदा पुनर्निर्माण तथा जीर्णोद्धारका लागि टोल-टोलबाट आफैँ उठेर श्रमदान गरे, आर्थिक तथा जिन्सी सहयोग गरे र गर्दै आएका छन्।

**२०७२ को भूकम्पपछि २०८३ साउन ३० सम्मको सम्पदा पुन:निर्माणको तथ्याङ्क**

| क्र.सं | विवरण | सम्पन्न सङ्ख्या |
|---|---|---|
| १. | मन्दिर जीर्णोद्धार | ४५ |
| २. | पाटी | ६७ |
| ३. | द्योछेँ पुन:निर्माण | १४ |
| ४. | प्रवेशद्धार | ४ |
| ५. | पोखरी | १४ |
| ६. | इनार | ९ |
| ७. | सत्तल जीर्णोद्धार | ९ |
| ८. | ढुङ्गेधारा | १० |
| ९. | अन्य निर्माण | १३ |
| | जम्मा | १८५ |

२०७४-०७९ सालसम्मको पहिलो कार्यकालमा पाँचतले मन्दिर, भैरवनाथ मन्दिरजस्ता महत्त्वपूर्ण सम्पदाको जीर्णोद्धारका साथै पाटी, ढुङ्गेधारा, सत्तल, इनार, पोखरी गरी १२४ वटाभन्दा बढी सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार सम्पन्न भए।

२०७९ सालमा दोस्रो पटकको निर्वाचनपछि पनि जनप्रतिनिधिहरूले उक्त कार्यलाई निरन्तरता दिइरहे। भाज्या पोखरी, रानी पोखरी, लक्ष्मीनरसिंह मन्दिरजस्ता महत्त्वपूर्ण सम्पदाको काम पछिल्लो कार्यकालमा सम्पन्न भएका हुन्। दुई कार्यकालमा गरी अहिलेसम्म मूर्त सम्पदाअन्तर्गत मठ, मन्दिर, ढुङ्गेधारा, पोखरी, सत्तल, पाटीलगायत १८५ वटा सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार सम्पन्न भइसकेका छन् भने डेढ दर्जनजति सम्पदाको पुनर्निर्माण तथा जीर्णोद्धार भइरहेको छ। छिट्टै नै ती पनि सम्पन्न हुने क्रममा छन्।

भक्तपुरको मौलिकता जोगाउन नगरपालिकाले कानुन बनाएर प्राचीन नगर क्षेत्रभित्र घर पुनर्निर्माण वा नवनिर्माण गर्नेहरूका लागि मोहडामा लाग्ने काठ, इँटा र झिङ्गटीमा अनुदानको व्यवस्था गर्दै आएको छ। त्यो भक्तपुरको मौलिकता जोगाउन नगरवासीलाई प्रोत्साहनस्वरूप दिइएको विशेष व्यवस्था हो। त्यसले भूकम्पले भत्केका धेरै निजी घर पनि मौलिक स्वरूपमै बनाउन थालिएको छ। सम्पदाले मात्र होइन, निजी घरहरूले पनि भक्तपुरको मौलिकता झल्काइरहेका छन्।

नगरपालिकाले सम्पदालाई जीवन्तता दिन योगदान गर्ने दाफा, भजन र सांस्कृतिक गुरूहरूको हरेक वर्ष सम्मान गर्दै आएको छ। यसले अमूर्त सम्पदा, बाजा, दाफा, भजन तथा परम्परागत नाचलाई जीवन्तता दिन योगदान गर्ने सांस्कृतिक गुरूहरूमा उत्साह मिलेको पाइएको छ। आफ्नो योगदानको मूल्याङ्कन भएकोमा गुरूहरू खुसी देखिन्छन्।

भक्तपुरमा थुप्रै अभौतिक अर्थात् अमूर्त सम्पदा पनि छन्। ती सबै जनताका साझा सम्पत्ति हुन्। भक्तपुर नगरपालिका राज्यको सम्पत्ति संरक्षण गर्ने काममा सचेततापूर्वक लाग्दै आएको छ। भक्तपुरका अभौतिक सम्पदालाई राष्ट्रिय सूचीकरणमा समावेश गर्न जुजु धौ, भादगाउँले टोपी, कवांचा प्याखँ, घातु म्ये, कसिमला पाँय्‌लगायतका लागि सम्बन्धित कार्यालयमा निवेदन पेस भइसकेको छ। हालसम्म औपचारिक रूपमा सूचीकरण भएको जानकारी प्राप्त भएको छैन। यद्यपि, नगरपालिकाको प्रयास भने जारी छ।

यस नगरको दरबार क्षेत्र विश्व सम्पदामा सूचिकृत क्षेत्र पनि हो। अमेरिकी नागरिक ई. ए. पावेलले सन् १९२० तिर नेपाल भ्रमणको क्रममा भनेका थिए, "नेपालमा भक्तपुर दरबार क्षेत्रबाहेक अरू केही बाँकी रहेन भने पनि त्यसलाई हेर्नका लागि मात्रै पनि पृथ्वीको आधा चक्कर कट्नुसरह हुन्छ।"

त्यस्तो महत्त्वपूर्ण नगरका नागरिक गौरवान्वित हुनुपर्छ। त्यस नगरलाई जर्मन वास्तुकलाविद् नील गोत्सोले संसारकै ठूलो जीवित सङ्ग्रहालय भनेका छन्। त्यस्तै संस्कृतिविद् जगदीशशमशेर राणाले भक्तपुरलाई नाचगानको राजधानीको संज्ञा दिएका छन्।

हाम्रो प्राचीन संस्कृति र सम्पदा नै हाम्रो पहिचान हो। हाम्रो भाषा, संस्कृति र सम्पदा रहेनन् भने हाम्रो पहिचान क्रमश: समाप्त भएर जानेछ। यसबारे सम्पूर्ण भक्तपुरवासी जनता सचेत हुन जरूरी छ। भक्तपुरका जीवित कला र संस्कृति नै भक्तपुरवासीको सान र मान हुन्।

भक्तपुरवासी मिलेर जुन भावनाले यहाँका सम्पदाको संरक्षण गरिरहेका छन्, त्यसको नेपालीले मात्र होइन, विश्वले नै प्रशंसा गरिरहेको छ। यसलाई अझै निरन्तरता दिँदै अघि बढ्नु आजको नयाँ पुस्ताको जिम्मेवारी र कर्तव्य हो।


पाठक पत्र

# ङातापोल्हँ र तग्व गांको संरक्षणबारे

विश्व प्रसिद्ध ङातापोल्हँ मन्दिरको उत्तरतिर फर्केको द्वारको तोरणमा आइसक्रिमले छ्यापेको पाइएको छ। आइसक्रिममा रहेको विभिन्न केमिकल तथा पानीले सो तोरणको शोभामा हानि पुर्‍याएको त छँदै छ साथै तोरणमा केमिकलले पनि असर पार्न सक्नेछ। अत: सो तोरणलाई सफा गर्न लगाई अब उप्रान्त मन्दिरमा हुने यस्ता अवाञ्छित क्रियाकलाप नियन्त्रण गर्नुपर्ने देखिन्छ। मन्दिरमा हुने यस्ता गतिविधि नियन्त्रण गर्न सुरक्षा गार्डको व्यवस्था गर्नु उत्तम हुनेछ। मन्दिरमा बसेर विभिन्न खाद्य तथा झोलपदार्थ सेवन गर्ने र यसपछि त्यसको फोहर त्यहीँ मन्दिरमा छोडेर जाने तथा धूमपान गर्ने, भित्तामा विभिन्न लेख्ने कार्यलाई निरुत्साहित गर्नु आवश्यक छ।

लाय्कुमा रहेको तग्व: गांमा पनि केटाकेटीहरूले विभिन्न शब्दहरू लेखेको देखिएकोले सो मेटाई अब उप्रान्त त्यस्तो लेख्ने कार्य बन्द गराउन अत्यावश्यक छ। तग्व: गांमुनिको ढुङ्गा जसमा फलामे सिक्री बाँडिएको छ, त्यसलाई पनि केही उछृङ्खलले त्यहाँबाट विस्थापित गर्न खोजेकोले यस्ता कार्यलाई पनि रोक्न आवश्यक देखिन्छ।

विशेषत: यस्तो कार्यमा भर्खरका युवाहरू लागेको देखिन्छ। सम्पदामा क्षति पुर्‍याउन नहुनेतर्फ युवा-विद्यार्थीहरू सचेत हुनुपर्छ। यी सम्पदाहरु हाम्रै सम्पत्ति हुन्। हाम्रै सम्पत्ति ठानेर संरक्षण गर्नुपर्छ, सुरक्षित गर्नुपर्छ।

**- पुष्पराम मुनंकर्मी, भक्तपुर**

# धर्म र समाज परिवर्तनको अन्तरसम्बन्ध– १

✍ योगेन्द्रमान बिजुक्छेँ

*हिन्दू र हिन्दूत्वलाई केन्द्रमा राखेर राजनीतिक अभियान चलाई सन् २०१४ देखि भारतमा भारतीय जनता पार्टी (बीजेपी) केन्द्रीय सत्तामा आयो। यही नारा र अभियानलाई तीव्र बनाउँदै हिन्दूत्वको भावनालाई क्यास गर्न पुराना स्थान, रोड विशेषको नाम परिवर्तनदेखि विश्वविद्यालयहरूमा अनावश्यक हस्तक्षेप, पाठ्यक्रममा जहातही हिन्दूत्व घुसाउनेदेखि सदियौँ पुरानो बाबरी मस्जिद भत्काई राममन्दिर निर्माणसमेत गरे। यसकै बाछिटा हामीसम्म उछिटिएर आएको समेत आशङ्का गर्न नसकिने होइन।*

**“Religion is the sigh of the oppressed creature, the heart of a heartless world, and the soul of our soulless conditions. It is the opium of the people.” – Marx**

*मार्क्सका अनुसार वास्तविक जीवनमा दुःखमा पिल्सिएका गरिब र असहायले धर्मको माध्यमले केही सान्त्वना पाउँछ। लोभ, पाप र अन्यायपूर्ण वास्तविक जीवनमा बेसहारा गरिबले धर्मबाट न्यानो मायाको अनुभूति मात्र गर्छ। अफिमले घाउ निको पार्दैन बरू ठुलोभन्दा ठुलो घाउरूपी शोषण र अन्यायलाई सहने शक्तिमात्र (दुखाइ कम गर्ने पेनकिलरको काम) प्रदान गर्छ।*



कार्ल मार्क्स

मानव समाजमा धर्म र धार्मिक आस्थालाई संवेदनशील मानिन्छ। संसारका विभिन्न देशहरूमा धर्म र धार्मिक क्रियाकलापहरूको कारण व्यक्ति-व्यक्तिबिच वा निश्चित समूहबिच बेला मौकामा स-साना विवाददेखि ठुल्ठुलो दङ्गाफसाद र हत्या-हिंसाका घटनाहरू भएको धेरै उदाहरणहरू छन्। नेपालमा धार्मिक सहिष्णुताको परम्परा कायम भइरहेको हुँदा विगतमा यस्ता धार्मिक द्वन्द्वका घटनाहरू विरलै मात्र भएको पाइन्छ। नेपालको उत्तरी छिमेक चीनमा यस्तो घटनाका बारेमा हामी सुन्दैनौँ तर



फेड्रिक म्याक्स मुलर

दक्षिण छिमेकी भारतमा भने समय समयमा यस्ता घटना दोहरिरहेको पाउछौँ। नेपालका नेताहरू स्वयं यस्ता धार्मिक अभिव्यक्ति र क्रियाकलापका कारण कहिलेकाहीं विवादित भएका छन्।

हिजोका नेताहरूले धर्म र धार्मिक संस्कार र धर्म गुरूहरूप्रति देखाएको मोहले राजनीतिक दबुमा ठुलै खैलाबैला मच्चाएको थियो। पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको मकर मेलाको बेला पनौतीको रोशी खोलाको पानीमा डुबुल्की मारेको घटना होस् वा पूर्वराजा ज्ञानेन्द्र र अन्य नेताहरूको कालीबाबाको चरणकमलमा नतमस्त परेको सन्दर्भ होस् वा एनेकपा माओवादीका अध्यक्ष प्रचण्डले आफ्नो ग्रहदशा शान्त गर्न महिषा पूजा गरेको प्रसङ्ग नै किन नहोस्। होलि वाइनको कथा र देउवाको जोतिषी मोह र हालै सिङ्गापुरबाट नेपाल फर्कदै गर्दा “म हिन्दू हुँ, म हिन्दू हुँ, हिन्दू हुँ” भनी दिएको अभिव्यक्ति उत्तिकै विवादित भयो। यही क्रममा युवा प्रधानमन्त्री स्ट्रकचरल इन्जिनियर बालेन शाहले समेत प्रधानमन्त्रीको शपथको दिनलाई ग्रहदशाको आधारमा तय गरेको प्रचारबाजी र अन्य पूजा-पाठको तामझाम देखाए। त्यस्तै, जेनजी आन्दोलनको वर्षगाँठ मान्न आयोजना गरिएको सभामा गृहमन्त्री सुधन गुरूङले तराईमा धार्मिक द्वन्द्व फैलाउन मूल भूमिका खेलेका श्वेताम्बर वस्त्रधारण गरी हिँड्ने दिनेश पण्डित र ठगीधन्दामा विवादित पीताम्बर वस्त्रधारण गरी हिँड्ने विजय भण्डारीलाई दायाँबायाँ राखेर कार्यक्रम चलाए। धर्मप्रति आस्थाका कारण यस्ता कुरातिर नेताहरू लागेका हुन् वा अन्य कुनै राजनीतिक उद्देश्य यसमा अन्तरनिहित छ भन्ने आशङ्का उठ्नु अस्वाभाविक होइन। यस्तो आशङ्काका आधारहरू पनि नभएका होइनन्।

हिन्दू र हिन्दूत्वलाई केन्द्रमा राखेर राजनीतिक अभियान चलाई सन् २०१४ देखि भारतमा भारतीय जनता पार्टी (बीजेपी) केन्द्रीय सत्तामा आयो। यही नारा र अभियानलाई तीव्र बनाउँदै हिन्दूत्वको भावनालाई क्यास गर्न पुराना स्थान, रोड विशेषको नाम परिवर्तनदेखि विश्वविद्यालयहरूमा अनावश्यक हस्तक्षेप, पाठ्यक्रममा जहाँतहीँ हिन्दूत्व घुसाउनेदेखि सदियौँ पुरानो बाबरी मस्जिद भत्काई राममन्दिर निर्माणसमेत गरे। यसकै बाछिटा हामीसम्म उछिटिएर आएको समेत आशङ्का गर्न नसकिने होइन। एउटा धर्म निरपेक्ष घोषित देशमै सरकार स्वयंले यस्तोसम्मको धार्मिक क्रियाकलाप गरिरहँदा अन्य अल्पसङ्ख्य धर्मावलम्बीहरू कति पिल्सिए होलान्। यही सन्दर्भमा धर्म र यसको उदय र समाजमा यसको भूमिका र कार्य कस्तो हुन्छ भन्ने सम्बन्धमा यस छोटो आलेखमा मानवशास्त्रीय र समाजशास्त्रीय दृष्टिकोणको चर्चा गर्ने जर्मको गरिएको छ।

**समाजमा धर्मको उदय र उद्‌विकास**

मानव समाज र सभ्यता जति पुरानो मानिन्छ त्यति नै पुरानो धर्म पनि। आदिमकालदेखि आजको समाजसम्म धर्मलाई मानव जीवनको अभिन्न अङ्गको रूपमा स्वीकार्दै आएको देखिन्छ। वैयक्तिक कुरादेखि उसको समुदाय र त्यसको सामाजिक घटना र परिघटना, राजनीति र अर्थतन्त्रमा समेत धर्मको प्रभाव प्रबल रहेको हुन्छ। त्यसैले, धर्म संवेदनशील हुन्छ। यही संवेदनशीलताको कारणले धर्मको नाउँमा इतिहासको विभिन्न कालखण्डहरूमा ठुला-ठुला युद्धहरूसमेत भए र सोही कारण विभिन्न चिन्तकहरूको लागि यो चासोको विषय हुन गयो।

समाजमा धर्मको उत्पत्ति कसरी र कहिल्यैदेखि भयो भन्नेबारे सर्वसम्मत अवधारणा पाइँदैन। धर्मको उद्‌भव र उद्‌विकासको बारेमा मानवशास्त्री र इतिहासविद्‌हरूले उन्नाइसौँ शताब्दीतिर अन्वेषण र विश्लेषण गर्ने कोसिस गरेका थिए भने समाजशास्त्रीहरूले धर्मको कार्य र भूमिका समाजमा कस्तो रहेको भनी विश्लेषण गरेको पाइन्छ।

बेलायती मानवशास्त्री सर एडवार्ड बर्नेट टेलर (Sir Edward Burnett Tylor -EB Tylor), जर्मन चिन्तक एवं भाषाविज्ञ जसलाई धर्मको पहिलो इतिहासकार पनि मानिन्छ फेडरिक म्याक्स मुलर (Fredric Max Muiiler) र रूडोल्फ ओटोले (Rudolf Otto) पहिलो पल्ट धर्मको उत्पत्तिको बारेमा व्यवस्थित अध्ययन गरेको देखिन्छ। टेलरका अनुसार आदिम मानवको बौद्धिक उत्सुकताको कारणले मानव जीवनका विभिन्न प्रक्रियाहरू जस्तै :- सपना, अर्धचेतना, जन्म, मृत्यु किन र कसरी भयो भन्ने प्रश्नको जवाफ खोज्ने सिलसिलामा धर्मको उदय भएको हो। उनका अनुसार आदिम मानवको त्यस जिज्ञासाले आत्मवाद वा जडात्मवाद (animism)

*टेलर र मुलरका यी विश्लेषणलाई मनन गर्दा जीवन र जगतलाई बुझ्ने प्रयास स्वरूप नै धर्मको प्रादुर्भाव भएकोले धर्मलाई आदिम दर्शन (primitive philosophy) पनि भनिन्छ। यसरी उद्‌भव भएको धर्मको रूप र आकार समय परिवर्तन भएअनुसार बहुईश्वरवाद (polytheism) बाट एकेश्वरवाद (monotheism) मा परिणत भएको विचार टेलर राख्छन्।*



सर एडवार्ड रनेट टेलर

लाई जन्म दियो। जसअनुसार मानव शरीरमा आत्माको बास हुन्छ जसले शरीरलाई चलायमान तुल्याउँछ। आत्माले शरीरलाई दुई प्रकारले त्याग्छ, अस्थायी रूपमा र स्थायी रूपमा। जब आत्माले अस्थायी रूपमा शरीरलाई त्याग्छ, मानिस अर्धचेत वा निद्रामा पर्छ र जब स्थायी रूपमा छोड्छ शरीर निष्प्राण वा उसको मृत्यु हुन्छ। टेलरका अनुसार यसपश्चात् नै मृतात्माको (दिवङ्गत आफ्ना पुर्खाहरूको) पूजा गर्ने वा श्राद्ध गर्ने चलन चलेको हुनुपर्छ। टेलरको यस विश्लेषणप्रति सहमति र असहमति दुवै व्यक्त गर्दै एफ म्याक्स मुलरले प्रकृतिवादको (naturism) विचारलाई अगाडि सारे। मुलरका अनुसार प्राग्‌ऐतिहासिक मानवको बौद्धिकभन्दा संवेगात्मक आवश्यकताले धर्मको उद्‌भव भएको हो। ज्वालामुखी विस्फोटन, आँधीहुरी, मेघगर्जन र बिजुली चम्काइजस्ता प्राकृतिक घटनाहरूले आदिम मानवलाई भयभित, चकित, हर्षित र दुखित तुल्यायो। यी नै मानव संवेगका कारण यी घटनाहरू किन र कसरी भयो भन्ने जिज्ञासाले प्रकृतिवादलाई जन्म दियो। यसअनुसार जसरी मानव शरीरलाई आत्माले जीवन्त तुल्याउँछ त्यसरी नै आत्माका कारणले प्रकृति पनि। टेलर र मुलरका यी विश्लेषणलाई मनन गर्दा जीवन र जगतलाई बुझ्ने प्रयास स्वरूप नै धर्मको प्रादुर्भाव भएकोले धर्मलाई आदिम दर्शन (primitive philosophy) पनि भनिन्छ। यसरी उद्‌भव भएको धर्मको रूप र आकार समय परिवर्तन भएअनुसार बहुईश्वरवाद (polytheism) बाट एकेश्वरवाद (monotheism) मा परिणत भएको विचार टेलर राख्छन्।

**समाजमा धर्मको भूमिका**

धर्मको जुनसुकै रूप र आकार भए पनि यसको भूमिका समाजलाई एकताबद्ध गर्न नै मद्दत गर्ने गरेको विचार प्रकार्यवादी (functionalist) समाजशास्त्रीहरू राख्छन्। इमाइल दुर्खिम, ब्रनिस्ल मानिलोभोस्की, टाल्कोट पार्सनका अनुसार धर्म समाजमा सदस्यहरूको साझा आस्था र विश्वास भएकाले तिनीहरूबिच एकता रही समाज सुव्यवस्थित रूपमा अगाडि बढ्न यसले मद्दत गरेको हुन्छ। मानव सामाजिक जीवनमा दुःख, कष्ट, पीडा, डर, त्रास, भयजस्ता सङ्कटहरू (Life Crises) पनि आउँछन् मालिनोभोस्कीका अनुसार। यसबाट त्रान पाउन धर्म र धार्मिक संस्कारहरूले समाजलाई मद्दत गरिरहेका हुन्छन्। उनका अनुसार मृत्यु एउटा यस्तो सङ्कट हो जसबाट परिवारजन मर्माहत हुन्छन् र त्यसबेला समुदायका अन्य सदस्यहरूले सामूहिक रूपमा गर्ने शवयात्रा र अन्य धार्मिक सस्कारहरूले शोकाकुल परिवारलाई जीवन र समाजबाट विचलित हुनबाट रोक्दै जीवनलाई पुनःसामान्य बनाउन मद्दत गर्दछ। टाल्कोट पारसनका अनुसार कुनै व्यक्ति वा समुदायको व्यवहार उनको संस्कृतिमा निर्भर हुन्छ र संस्कृति धर्ममा। मानव जीवनमा धेरै कुरा उनको नियन्त्रणभन्दा बाहिर हुन्छन्। खेतीपाती गर्न अनुकूल मौसमको पूर्वानुमान उसले गर्न नसक्ने भएकोले विभिन्न धार्मिक संस्कारमार्फत उसले त्यस परिस्थितिको सामना गर्न आत्मविश्वास हासिल गर्छ। यसरी धर्मले समाजमा स्थायित्व कायम गर्न विभिन्न राहत प्रदान गरिरहेको हुन्छ।

समाजमा धर्मको भूमिकाको बारेमा मार्क्सवादी दृष्टिकोण भने यसभन्दा भिन्न रहेको छ। समाजमा विशेष सुविधा प्राप्त वर्गले शोषित र निमुखा जनतामाथि गरिरहेको दमन र शोषणलाई उचित ठहऱ्याउन धर्मको सहायता लिएको हुन्छ। मार्क्सको आफ्नै शब्दमा, ‘धर्म शोषितहरूको सुस्केरा हो, हृदयविहीन संसारको हृदय हो, आत्माविहीन अवस्थाको आत्मा हो र जनताको लागि अफिम हो।’

मार्क्सका अनुसार वास्तविक जीवनमा दुःखमा पिल्सिएका गरिब र असहायले धर्मको माध्यमले केही सान्त्वना पाउँछ। लोभ, पाप र अन्यायपूर्ण वास्तविक जीवनमा बेसहारा गरिबले धर्मबाट न्यानो मायाको अनुभूति मात्र गर्छ। अफिमले घाउ निको पार्दैन बरू ठुलोभन्दा ठुलो घाउरूपी शोषण र अन्यायलाई सहने शक्तिमात्र (दुखाइ कम गर्ने पेनकिलरको काम) प्रदान गर्छ। कष्टमय जीवनलाई कर्मको फल भन्दै स्वीकार्न लगाउदै साँचो खुसीबाट टाढामात्र राख्छ शोषितलाई धर्मले। त्यस्तै, लेनिनको शब्दमा, ‘धर्म एउटा आध्यात्मिक रक्सी (spiritual booze) हो, जसमा शोषित र दासहरूले आफ्नो न्यायोचित जीवनको लागि उठाउने मागलाई डुबाइ दिन्छ।’ शोषण गर्नेहरूले राज्य शक्ति धर्मको आडमा गरिब र शोषितलाई मृत्युपछि स्वर्गको आश देखाउने र पुनर्जीवनमा सुखी जीवनको सपना मात्र देखाउँछ। यही वास्तविकतालाई मनन गरी लेनिनले राज्यलाई धर्मबाट अलग्याउनुपर्ने विचार राखेका थिए। उनका अनुसार धर्म नितान्त वैयक्तिक विषय हो र राज्यले यसलाई बोक्नु हुँदैन।

दास, सामन्ती र औद्योगिक पुँजीवादी युगमा हुने गरेका विभिन्न शोषणहरूलाई अन्त्य गर्न धर्मको केही भूमिका नदेखिएको बरू उल्टै यस्तो शोषण, असमानता र विभेदलाई ईश्वरले निर्धारण गरेका कुरा हुन् भनी यसलाई सहज रूपमा स्वीकार्नु पर्ने आग्रह विभिन्न धर्म र धार्मिक शास्त्रहरूमा उल्लेख भएका छन्। यो मार्क्सवादी विश्लेषण आधारित भएको सहजै अनुमान लगाउन सकिन्छ। त्यस्तै हिन्दू धर्ममा निहित वर्ण व्यवस्था र उचनीच जातको व्यवस्था, युरोप र अन्य देशहरूमा सामन्ती राजा रजौताहरूले आफूले दैवीशक्तिको प्रतिनिधित्व गरको भन्दै शासन गर्ने प्रथा, अमेरिकामा मालिकहरूले दासहरूलाई नरम बनाउन इसाई धर्ममा परिणत गराउने तथा औद्योगिक क्रान्तिताका बेलायतमा मजदुरहरूलाई दबाउँदै साम्य पार्न मालिक वर्गले धर्मको पूर्ण सहयोग र समर्थन लिएका घटनाहरूको सन्दर्भमा यो विश्लेषण आधारित भएको प्रस्ट हुन्छ।



यमको दक्षिण पश्चिमी ताइज प्रान्तको ताइज बजारमा अवस्थित एक स्वास्थ्य केन्द्रमाथि साउदी अरेबियाले हवाई हमला गरेपछिको दृश्य सेप्टेम्बर २७, २०२६ को दिन । हमलामा परी कम्तीमा ७ जना सर्वसाधारणको मृत्यु भएको र ४० जनाभन्दा बढी गम्भीर घाइते भएको स्थानीय सरकारले जनाएको छ ।

तस्बिर : हुथी मिडिया सेन्टर /सिन्हवा

# इरानसँगको तनाव बढेपछि तेलको मूल्य बढ्यो, विश्व बजारमा दबाब

न्युयोर्क, १२ असोज (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले प्रस्ताव गरेको सातदिने युद्धविराम अस्वीकार गरेपछि सोमबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेको छ । तेलको मूल्यमा भएको वृद्धिसँगै विश्वव्यापी मुद्रास्फीति बढ्न सक्ने चिन्ता पनि बढेको छ । यसको असर विभिन्न देशका सेयर बजारमा समेत परेको छ ।

इरानले गत साता संयुक्त राष्ट्रसंघको महासभामा सातदिने युद्धविरामको प्रस्ताव अघि सारेको थियो । उक्त प्रस्ताव कार्यान्वयन भए होर्मुज जलडमरूमध्य पुन: खुल्ने र विश्वव्यापी ऊर्जा आपूर्तिमा देखिएको समस्या केही सहज हुने अपेक्षा गरिएको थियो । विश्वको महत्त्वपूर्ण ऊर्जा आपूर्ति मार्गका रूपमा रहेको होर्मुज जलडमरू अहिले अमेरिका र इरानबिचको तनावको महत्त्वपूर्ण विषय बनेको छ ।

तर, ह्वाइट हाउस बाहिर सञ्चारकर्मीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले इरानको प्रस्ताव स्वीकार गर्न नसकिने बताउनुभएको छ । यद्यपि, उहाँले अमेरिका र इरानबिच वार्ता पुन: सुरु हुन सक्ने सङ्केत दिनुभयो । अमेरिकी सञ्चारमाध्यमका अनुसार दुवै देशबिच अप्रत्यक्ष वार्ता सोमबारदेखि नै हुन सक्ने सम्भावना रहेको छ ।

होर्मुज जलडमरू पुन: खोल्न इरानले केही सर्तहरू अघि सारेको छ । रोक्का गरिएका इरानी सम्पत्ति फुकुवा गर्नुपर्ने, इरानी तेलमाथिका प्रतिबन्ध हटाउनुपर्ने तथा अमेरिकी नौसैनिक नाकाबन्दी अन्त्य गर्नुपर्ने उसका प्रमुख माग रहेका छन् ।

युद्धविरामको प्रस्ताव सार्वजनिक भएपछि शुक्रबार दुई प्रतिशतभन्दा बढी घटेको कच्चा तेलको मूल्य सोमबार पुन: बढेको हो । अन्तर्राष्ट्रिय बजारमा उत्तर समुद्री कच्चा तेलको मूल्य १.८ प्रतिशत बढेर प्रतिब्यारेल १०६.१९ अमेरिकी डलर पुगेको छ । त्यस्तै, अमेरिकी पश्चिमी टेक्सास क्षेत्रको कच्चा तेलको मूल्य १ प्रतिशत बढेर प्रतिब्यारेल ९३.३४ डलर पुगेको छ ।

तेलको मूल्य बढेसँगै मुद्रास्फीति बढ्ने चिन्ता पनि पुन: बढेको छ । यसको प्रभाव एसियाली सेयर बजारमा देखिएको छ । लामो बिदापछि खुलेको दक्षिण कोरियाली बजार दुई प्रतिशतभन्दा बढी घटेको छ । जापानको टोकियो, चीनको साङ्घाई, फिलिपिन्सको मनिला, थाइल्यान्डको बैङ्कक र इन्डोनेसियाको जकार्ताका बजारमा पनि गिरावट आएको छ ।

यता हङकङ, अस्ट्रेलियाको सिड्नी, सिङ्गापुर र न्युजिल्यान्डको वेलिङ्टनका सेयर बजारमा भने वृद्धि देखिएको छ ।

यसैबिच, विश्व ऋणपत्र बजारमा पनि प्रतिफल बढेको छ । गत साता विश्व ऋणपत्रको औसत प्रतिफल चार प्रतिशतभन्दा माथि पुगेको थियो । यो सन् २००७ यताकै उच्चस्तर भएको बताइएको छ । अब लगानीकर्ताको ध्यान अमेरिकी केन्द्रीय बैङ्कको आगामी मौद्रिक नीति निर्णयतर्फ केन्द्रित भएको छ । अक्टोबरको अन्त्यमा हुने बैठकअघि यसै साता अमेरिकाको मुद्रास्फीतिसम्बन्धी महत्त्वपूर्ण तथ्याङ्क तथा रोजगारीसम्बन्धी विवरण सार्वजनिक हुँदैछन् । यी तथ्याङ्कले आगामी ब्याजदरसम्बन्धी निर्णयमा महत्त्वपूर्ण प्रभाव पार्न सक्ने अपेक्षा गरिएको छ ।

विश्लेषकहरूका अनुसार मध्यपूर्वमा तनाव पुन: बढेपछि तेलको मूल्यमा वृद्धि भएको छ र एसियाली सेयर बजारमा दबाब देखिएको छ । यद्यपि, अमेरिका र इरानबिच पुन: वार्ता सुरु हुन सक्ने सम्भावनाले बजारमा केही आशा भने कायम राखेको छ ।

## विश्व सङ्क्षेप

# चीनको औद्योगिक क्षेत्रमा नाफा वृद्धि, आठ महिनामा १५.७ प्रतिशतले बढ्यो

बेइजिङ, १२ असोज (सिन्ह्वा) । चीनका तोकिएको आकारभन्दा ठुला औद्योगिक प्रतिष्ठानको नाफा सन् २०२६ को पहिलो आठ महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १५.७ प्रतिशतले बढेको राष्ट्रिय तथ्याङ्क ब्युरोले सोमबार सार्वजनिक गरेको तथ्याङ्कले देखाएको छ ।

राष्ट्रिय तथ्याङ्क ब्युरेका अनुसार वार्षिक मुख्य व्यावसायिक आम्दानी कम्तीमा २ करोड युआन भएका औद्योगिक प्रतिष्ठानले जनवरीदेखि अगस्टसम्म कुल ५.२७ ट्रिलियन युआन नाफा कमाएका छन् । यो रकम करिब ७४० अर्ब अमेरिकी डलर बराबर हुन्छ ।

तथ्याङ्कअनुसार चीनको औद्योगिक क्षेत्रमा नाफामा भएको उक्त वृद्धि गत वर्षको सोही अवधिको तुलनामा उल्लेखनीय सुधार हो । ठुला औद्योगिक प्रतिष्ठानले उत्पादन तथा व्यावसायिक गतिविधि निरन्तर अघि बढाइरहेका बेला नाफामा समेत वृद्धि भएको हो । राष्ट्रिय तथ्याङ्क ब्युरेले सार्वजनिक गरेको तथ्याङ्क चीनको औद्योगिक क्षेत्रको समग्र व्यावसायिक प्रदर्शन मापन गर्ने प्रमुख सूचकका रूपमा लिइन्छ । तोकिएको आकारभन्दा ठुला औद्योगिक प्रतिष्ठानमा वार्षिक मुख्य व्यावसायिक आम्दानी कम्तीमा दुई करोड युआन भएका कम्पनी तथा उद्योगहरू समावेश हुन्छन् ।

जनवरीदेखि अगस्टसम्मको अवधिमा नाफा ५.२७ ट्रिलियन युआन पुगेको तथ्याङ्कले चीनको औद्योगिक क्षेत्रको आम्दानी र नाफा वृद्धिको अवस्था देखाएको छ । अघिल्लो वर्षको तुलनामा १५.७ प्रतिशतको वृद्धि औद्योगिक प्रतिष्ठानहरूको आर्थिक गतिविधिमा सुधार आएको सङ्केतका रूपमा तथ्याङ्कले देखाएको छ ।

चीनको राष्ट्रिय तथ्याङ्क ब्युरेले सार्वजनिक गरेको यो तथ्याङ्क सन् २०२६ को पहिलो आठ महिनाको औद्योगिक नाफासम्बन्धी अवस्था हो ।

# बेलायतको अमेरिकी वायुसेना अड्डानजिकै पाँच जना पक्राउ

लन्डन, १२ असोज (एपी) । बेलायतमा अमेरिकी सेनाले प्रयोग गर्दै आएको फेयरफोर्ड वायुसेना अड्डा नजिकैबाट पाँच जना पुरुषलाई आतङ्कवादी गतिविधिको तयारी गरेको आशङ्कामा पक्राउ गरिएको बेलायती प्रहरीले जनाएको छ । प्रहरीका अनुसार आइतबार बिहान तीन वटा शङ्कास्पद गाडी उक्त वायुसेना अड्डातर्फ अघि बढिरहेको सूचना प्राप्त भएपछि अनुसन्धान अघि बढाइएको थियो । त्यसपछि पाँच जनालाई पक्राउ गरिएको हो ।

बेलायतको स्वामित्वमा रहेको फेयरफोर्ड वायुसेना अड्डा अमेरिकाले सञ्चालन गर्दै आएको छ । इरानसँगको युद्धका क्रममा अमेरिकी सैन्य गतिविधिका लागि समेत उक्त अड्डा प्रयोग हुँदै आएको बताइएको छ ।

पक्राउ परेका व्यक्तिहरूको इरानसँग कुनै सम्बन्ध छ कि छैन भन्ने विषयमा पनि अनुसन्धान भइरहेको अधिकारीहरूले बताएका छन् । यद्यपि, उनीहरूको उद्देश्य वा घटनामा उनीहरूको वास्तविक भूमिकाबारे अनुसन्धान पूरा भइसकेको छैन ।

अधिकारीहरूले घटनालाई राष्ट्रिय सुरक्षासँग सम्बन्धित विषयका रूपमा लिँदै अनुसन्धान अघि बढाएका छन् । हालसम्म पक्राउ परेका व्यक्तिहरूमाथि कुनै आरोप औपचारिक रूपमा पुष्टि गरिएको छैन ।

बेलायती अधिकारीहरूले भने घटनाको थप अनुसन्धान भइरहेको र आवश्यक तथ्यहरू सङ्कलन गरिरहेको जनाएका छन् ।

# म्यानमामा बाढी र पहिरोबाट १० जनाको मृत्यु भएको आशङ्का, ३० जना बेपत्ता

दावेई, म्यानमा, १२ असोज (एएफपी) । म्यानमाको दक्षिणी टानिन्थारी क्षेत्रमा शुक्रबार रातिदेखि परेको अविरल वर्षापछि आएको बाढी र पहिरोका कारण ठुलो जनधनको क्षति भएको आशङ्का गरिएको छ । प्रारम्भिक विवरणअनुसार ७ देखि १० जनासम्मको मृत्यु भएको हुन सक्ने र २० देखि ३० जना बेपत्ता रहेको बताइएको छ ।



भारी वर्षाका कारण टानिन्थारी क्षेत्रका विभिन्न टाउनसिपमा बाढी र पहिरो आएको छ । केही गाउँमा सडक अवरुद्ध भएपछि पैदल मात्र पुग्न सकिने अवस्था रहेको उद्धारकर्मीहरूले बताएका छन् ।

स्वयंसेवी संस्था दावेई जाबुथिरी इमर्जेन्सी मेडिकल सर्भिसका अध्यक्ष म्यो मिनका अनुसार उद्धार टोलीले सयौँ विस्थापितलाई स्थानीय मठमन्दिरमा बनाइएका अस्थायी आश्रयस्थलमा पुऱ्याएका छन् ।

उहाँका अनुसार अहिलेसम्म हताहतको आधिकारिक पुष्टि भएको छैन । उद्धार तथा राहत टोलीले प्रभावित क्षेत्रको अवस्था पूर्ण रूपमा मूल्याङ्कन गर्न नसकेकाले मृतक र बेपत्ताको सङ्ख्या अझै बढ्न सक्ने सम्भावना रहेको छ ।

म्यानमामा जारी गृहयुद्धका कारण उद्धार तथा राहत कार्य थप चुनौतीपूर्ण बनेको छ । द्वन्द्वका कारण प्राकृतिक विपद्बाट भएको क्षतिको वास्तविक विवरण सङ्कलन गर्न मानवीय सहायता संस्थाहरूलाई समेत कठिनाइ हुने गरेको छ । यसैबिच, छिमेकी थाइल्यान्डको राजधानी बैङ्कक पनि भारी वर्षाका कारण बाढीबाट प्रभावित भएको छ । करिब ४८ घण्टासम्म परेको लगातार वर्षापछि घर, पसल र सडक जलमग्न भएका थिए ।

बैङ्कक महानगर प्रशासनका अनुसार करिब चार हजार ९०० जनालाई सुरक्षित स्थानमा सारिएको छ भने ५२ हजार घरपरिवार बाढीबाट प्रभावित भएका छन् ।

# जापानको कुमामोतोमा भूकम्पपछि ७१ हजारभन्दा बढी घरमा क्षति

टोकियो, १२ असोज (सिन्ह्वा) । दक्षिणपश्चिमी जापानको कुमामोतो प्रिफेक्चरमा जुलाई २८ मा गएको शक्तिशाली भूकम्पको दुई महिनापछि पनि एक हजार ५०० भन्दा बढी मानिस आश्रयस्थलमा बसिरहेका स्थानीय सञ्चारमाध्यमले सोमबार जनाएका छन् ।

७.१ म्याग्निच्युडको उक्त भूकम्पले सबैभन्दा बढी प्रभावित क्षेत्रमा जापानको शून्यदेखि ७ सम्मको भूकम्पीय तीव्रता मापनमा अधिकतम ७ तीव्रता रेकर्ड गरेको थियो । भूकम्पमा ३८ जनाको मृत्यु भएको थियो ।

प्रिफेक्चर सरकारलाई उद्धृत गर्दै जिजी प्रेसका अनुसार शुक्रबारसम्म कुमामोतोका ३२ वटा आश्रयस्थलमा एक हजार ५१४ जना बसिरहेका थिए । अन्य धेरै प्रभावित व्यक्ति होटल वा क्षतिग्रस्त आफ्नै घरमा बस्दै आएका छन् ।

भूकम्पबाट ७१ हजार ५१८ आवासीय भवनमा क्षति पुगेको थियो । तीमध्ये नौ हजार ५४० भवन पूर्ण वा आंशिक रूपमा ध्वस्त भएका थिए ।

प्रभावित नागरिकका लागि सुरक्षित र स्थायी आवासको तत्काल व्यवस्था गर्नु तथा उनीहरूलाई पुन:स्थापित हुन सहयोग गर्नु कुमामोतो प्रिफेक्चर सरकारका प्रमुख चुनौती बनेका छन् ।

# भारतमा बाढीपहिरोमा ६२ जनाको मृत्यु

लखनऊ, १२ असोज (एपी) । भारतको उत्तरी राज्य उत्तर प्रदेशमा तीन दिनदेखिको भारी वर्षापछि आएको बाढीमा परी कम्तीमा ६२ जनाको मृत्यु भएको छ भने ४६ जना घाइते भएका छन् । बाढीका कारण एक हजारभन्दा बढी घरमा क्षति पुगेको राज्य सरकारले सोमबार जनाएको छ ।

भारी वर्षाले राज्यका विभिन्न जिल्लामा बाढी आएपछि राजधानी लखनऊसहित केही क्षेत्रमा सोमबार विद्यालय बन्द गरिएको छ । उद्धार टोलीले बाढी प्रभावित क्षेत्रबाट मानिसलाई सुरक्षित स्थानमा सारिरहेका छन् । स्थानीय बासिन्दालाई जलमग्न क्षेत्रमा अनावश्यक यात्रा नगर्न तथा तीव्र गतिमा बग्ने नदी, खोला र नालाबाट टाढा रहन आग्रह गरिएको छ ।

लखनऊस्थित क्षेत्रीय मौसम विज्ञान केन्द्रका वरिष्ठ वैज्ञानिक अतुल कुमार सिंहका अनुसार बङ्गालको खाडीमा विकसित मौसम प्रणाली कमजोर हुँदै गएकाले सोमबारदेखि वर्षा कम हुने अपेक्षा गरिएको छ । उहाँका अनुसार मङ्गलबारसम्म राज्यका पूर्वी र पश्चिमी भागमा हल्का वर्षा भने जारी रहन सक्नेछ ।

बाढीको प्रभाव भारतको पूर्वी राज्य ओडिसामा पनि परेको छ । त्यहाँ ७५ हजारभन्दा बढी मानिसलाई बाढी प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले बताएका छन् ।

# हरेक नेपालीले जान्नैपर्ने मनोवैज्ञानिक प्राथमिक सहायता

✍ प्रभा प्रजापति

**नेपालमा प्राकृतिक विपद्को जोखिम**

नेपाल भौगोलिक बनावट, जलवायु, सक्रिय भूकम्पीय क्षेत्र र कमजोर पूर्वाधारका कारण विभिन्न प्राकृतिक विपद्को जोखिममा रहेको देश हो।

| प्रमुख प्राकृतिक विपद् | | |
|---|---|---|
| विपद् | नेपालमा जोखिम हुने प्रमुख क्षेत्र/कारण | सम्भावित प्रभाव |
| भूकम्प (Earthquake) | देशभर जोखिम - भूकम्पीय भू-बनोट, | मृत्यु, चोटपटक, भवन भत्किने, विस्थापन |
| बाढी (Flood) | तराई, नदी किनार - भारी वर्षा | डुबान, मृत्यु, रोग, कृषि तथा सम्पत्तिको क्षति |
| पहिरो (Landslide) | पहाडी तथा हिमाली क्षेत्रमा वर्षा, कमजोर भू-बनोट, सडक कटान | बाटो बन्द, घर क्षति, मृत्यु |
| डुबान (Inundation) | तराई तथा सहरी क्षेत्र - भू-बनोट | घर/सडकमा पानी पस्ने, विस्थापन |
| हिमपहिरो (Avalanche) | उच्च हिमाली क्षेत्र | मानिस तथा पूर्वाधारमा क्षति |
| हिमताल विस्फोट (GLOF) | हिमाली क्षेत्रमा Glacier lake | अचानक ठुलो बाढी |
| चट्याङ (Lightning) | विशेष गरी पूर्व मनसुन- मनसुन | |
| समयमा | मृत्यु, आगलागी, चोट | |
| हावाहुरी/आँधी (Windstorm) | तराई तथा अन्य खुला क्षेत्र | घर, विद्युत् तथा कृषि क्षति |
| खडेरी (Drought) | वर्षा कम हुने क्षेत्र/लामो dry period | खानेपानी तथा कृषि समस्या |
| वन डढेलो (Forest fire) | सुख्खा मौसममा वन क्षेत्र | वन, जैविक विविधता, बस्ती तथा स्वास्थ्यमा असर |
| अत्यधिक वर्षा (Heavy rainfall) | विशेष गरी मनसुन | बाढी, पहिरो र डुबान |
| हिमताल/हिमनदीसम्बन्धी जोखिम | उच्च हिमाली क्षेत्र | बाढी तथा Downstream क्षेत्रमा क्षति |

**नेपालमा जोखिम बढाउने प्रमुख कारण**

१. भौगोलिक विविधता : हिमाल, पहाड र तराईको फरक भू-बनोट।

२. सक्रिय Tectonic plates: भारतीय र युरेसियन प्लेटको collision का कारण भूकम्पीय जोखिम।

३. मनसुन : छोटो समयमा अत्यधिक वर्षा हुँदा बाढी र पहिरोको जोखिम बढ्छ।

४. Climate change : तापक्रम तथा precipitation pattern मा परिवर्तनले flood, drought, landslide र अन्य जोखिमलाई प्रभावित गर्न सक्छ।

५. अनियोजित urbanization : कमजोर भवन, drainage समस्या र नदी/खोलाको अतिक्रमणले जोखिम बढाउन सक्छ।

६. वन फँडानी तथा कमजोर बिलम management : माटोको स्थिरता घटाएर erosion र landslide बढाउन सक्छ।

७. दुर्गम बस्ती र कमजोर पहुँच: विपद्पछि rescue, health care र relief पुग्न समय लाग्न सक्छ।

**प्राकृतिक विपद्को समयमा कामको प्राथमिकता**

सुरक्षा - वर्गीकरण - प्राथमिक उपचार - आपत्कालीन हेरचाह - मनोवैज्ञानिक प्राथमिक उपचार - सिफारिस - पुनःस्थापना (Safety - Triage - First aid - Emergency care - Psychological First Aid - Referral - Rehabilitation)

यी प्राथमिकतामा परेका कामहरू गर्न विशेष किसिमका दक्षता भएका समूह चाहिन्छ। यद्यपि, सबै नेपालीले मनोवैज्ञानिक प्राथमिक उपचारबारे थाहा पाउनुपर्छ। अलिकति ध्यान, रुचि र नागरिक जिम्मेवारी लिने हो भने मनोवैज्ञानिक प्राथमिक सहायताको सीप विकास गरी आवश्यकताअनुसार प्रदान गर्न सकिन्छ।

**मनोवैज्ञानिक प्राथमिक सहायता (Psychological First Aid - PFA)**

प्राकृतिक विपद्, दुर्घटना, महामारी, हिंसा, मृत्यु, आगलागी, भूकम्प, बाढी, पहिरो, युद्ध वा अन्य सङ्कटको समयमा मानिसहरूमा डर, चिन्ता, तनाव, भ्रम, दु:ख, असहायपन र भावनात्मक आघात देखिन सक्छ।

यस्तो अवस्थामा तुरुन्तै मनोचिकित्सा वा परामर्श (Counselling) मात्र आवश्यक हुँदैन। पहिले व्यक्तिलाई सुरक्षित महसुस गराउने, शान्त पार्ने, आवश्यक जानकारी तथा व्यावहारिक सहयोग उपलब्ध गराउने र आवश्यक सेवासँग जोड्ने काम महत्त्वपूर्ण हुन्छ। यही प्रारम्भिक मानवीय सहयोगलाई मनोवैज्ञानिक प्राथमिक सहायता अथवा आजकल पीएफएले बढी बुजिन्छ।

पीएफए भनेको सङ्कट वा विपद्का कारण मानसिक तथा भावनात्मक रूपमा प्रभावित व्यक्तिलाई दिइने मानवीय, सहयोगात्मक र व्यावहारिक प्रारम्भिक सहायता हो, जसले सुरक्षा, शान्ता, सामाजिक सहयोग र आवश्यक सेवासँग सम्बन्ध स्थापित गर्न मद्दत गर्छ। कठिन अवस्थामा परेको व्यक्तिलाई सुरक्षित बनाउने, उसको कुरा सुन्ने र आवश्यक सहयोग तथा सेवासँग जोड्ने प्रारम्भिक मनोसामाजिक सहायता नै पीएफए हो। यसको मुख्य अवधारणा भनेको Look - Listen - Link अर्थात् हेर्नु सुन्नु र जोड्नु हो।

**पीएफएको मुख्य उद्देश्य**

पीएफएको लक्ष्य व्यक्तिलाई 'ठीक पार्नु' होइन; सङ्कटको समयमा सुरक्षित, समर्थित र आवश्यक सेवासँग जोडिएको महसुस गराउनु हो।

१. सुरक्षा प्रदान गर्नु
२. डर र तनाव कम गर्न सहयोग गर्नु
३. व्यक्तिलाई शान्त हुन सहयोग गर्नु
४. तत्कालका आवश्यकताहरू पहिचान गर्नु
५. व्यावहारिक सहायता उपलब्ध गराउनु
६. परिवार तथा सामाजिक सहयोगसँग जोड्नु
७. सही र उपयोगी जानकारी उपलब्ध गराउनु
८. आवश्यक स्वास्थ्य/मनोसामाजिक सेवाका निम्ति सिफारिस गर्नु
९. सामना गर्ने क्षमता बढाउन सहयोग गर्नु
१०. थप मनोवैज्ञानिक समस्याहरूको जोखिम कम गर्न सहयोग गर्नु

**पीएफए आवश्यक पर्नसक्ने व्यक्तिहरू**

सबै प्रभावित व्यक्तिलाई पीएफए चाहिन्छ भन्ने होइन। व्यक्तिको आवश्यकता र अवस्थाअनुसार सहयोग दिनुपर्छ।

- विपद् वा दुर्घटनाबाट प्रत्यक्ष प्रभावित व्यक्ति
- गम्भीर दुर्घटनाका साक्षी
- आफन्तको मृत्यु वा हराइबाट प्रभावित व्यक्ति
- बालबालिका तथा किशोर-किशोरी
- वृद्धवृद्धा
- गर्भवती तथा सुत्केरी महिला
- अपाङ्गता भएका व्यक्ति
- विस्थापित व्यक्ति
- हिंसा वा दुर्व्यवहारबाट प्रभावित व्यक्ति
- स्वास्थ्यकर्मी तथा rescue worker
- परिवार तथा समुदायका सदस्यहरू
- सङ्कटका कारण डर, भ्रम, अत्यधिक चिन्ता वा असहायपन अनुभव गरिरहेका व्यक्ति

**पीएफए आवश्यक पर्न सक्ने समय**

पीएफए विशेषगरी सङ्कट वा traumatic event पछि प्रारम्भिक समयमा प्रदान गरिन्छ। पीएफए घटना भएको तुरुन्तै मात्र दिनुपर्छ भन्ने छैन। व्यक्तिलाई आवश्यकता भएको समयमा, सुरक्षित अवस्थामा, उचित तरिकाले प्रदान गर्न सकिन्छ।

उदाहरण
- भूकम्पपछि
- बाढी/पहिरोपछि
- आगलागीपछि
- सडक दुर्घटनापछि
- अचानक मृत्यु भएपछि
- महामारी/सङ्क्रामक रोगको प्रकोपमा
- हिंसा वा विपद्को समयमा
- अस्पतालमा गम्भीर दुर्घटना वा मृत्युको घटना भएपछि
- displacement वा emergency shelter मा

**पीएफए दिने ठाउँ :**

पीएफए जहाँ सङ्कटग्रस्त व्यक्ति भेटिन्छ, त्यहाँ दिन सकिन्छ तर पहिलो प्राथमिकता सुरक्षा हो। दुर्घटनास्थलमै बसेर पीएफए गर्नु हुँदैन।

**स्थानहरू**
- अस्पताल तथा आपत्कालीन विभाग
- स्वास्थ्य चौकी
- disaster shelter/camp
- विद्यालय
- समुदाय
- evacuation centre
- दुर्घटनास्थलको सुरक्षित क्षेत्र
- relief distribution centre
- घर/परिवारको सुरक्षित वातावरण

पीएफए दिने व्यक्ति

पीएफए केवल psychiatrist वा psychologist ले मात्र दिने होइन।

उचित तालिम र सीप सम्बन्धित व्यक्तिहरूले पीएफए प्रदान गर्न सक्नुहुन्छ। निम्न व्यक्तिहरू यसका लागि योग्य छन् र प्रत्येक जागरुक नागरिकले पनि यो कौशलता हासिल गरी सङ्कटको समयमा सहयोग प्रदान गर्न मद्दत गर्न सक्छन्।

- नर्सहरू
- डाक्टरहरू
- मनोविद्हरू
- परामर्शदाताहरू
- सामाजिक कार्यकर्ताहरू
- सामुदायिक स्वास्थ्य कार्यकर्ताहरू
- शिक्षकहरू
- आपत्कालीन उद्धारमा खटिनेहरू (First responders)
- प्रहरी/उद्धारकर्मीहरू
- कमजोर भू-बनोट, सडक कटान
- मानवीय सहायताकर्मीहरू
- तालिम प्राप्त स्वयंसेवकहरू

आपत्-विपत् आउन सक्छ भन्ने कुरा त हामी सबैलाई अवगत नै छ तर कहिले आउँछ भन्ने ठेगान हुँदैन। त्यसैले हाम्रोजस्तो अति जोखिम युक्त ठाउँमा आपत्कालीन परिस्थितिका बेला पर्न सक्ने मानसिक आघातका लागि सधैँ तयारी र सक्षम रहँदै सहयोग पुऱ्याउन ढिला नगरी पूर्वविपत व्यवस्थापनका निम्ति आजैबाट हातेमालो गरौँ।

***(लेखिका भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानको नर्सिङ विभागमा उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ।)***

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

राष्ट्रिय परीक्षा बोर्डबाट उपलब्ध गराइएको कक्षा १२ को मेरो माइग्रेसन सर्टिफिकेट यही २०८३/०३/०३ गतेदेखि भक्तपुरस्थित भक्तपुर क्याम्पस आउने क्रममा हराएको हुँदा सो सर्टिफिकेट पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा बोर्डको कार्यालय तथा तपसिलको मोबाइल नम्बरमा सम्पर्क गरी बुझाई दिनुहोला।

**तपसिल**
**नाम** : नवराज के.सी.
**ठेगाना** : चा.न.पा.-१, भक्तपुर
**मोबाइल नं.** : ९८४१४४५५२७
**Registration No.:** 803260160022

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८३/०६/१३ गते**

भक्तपुर नगरपालिकाबाट सञ्चालित अफसेट प्रेसको लागि आवश्यक कागजहरू खरिद गर्न र नपामा रहेका सवारी साधनहरूको लागि आवश्यक टायर/ट्युबहरू खरिदसम्बन्धी क्रमश: मिति २०८३/०६/०१ मा बोलपत्र आह्वानसम्बन्धी प्रकाशित सूचनाअनुसार म्यादभित्र दर्ता भएका बोलपत्रहरू सम्बन्धमा मिति २०८३/०६/०८ बोलपत्र मूल्याङ्कन समितिबाट सार्वजनिक खरिद ऐन २०६३, दफा २५ (५क) बमोजिम मूल्याङ्कित औसत अङ्क सारभूत रूपमा प्रभावग्राही देहायका बोलपत्रदाता छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का.नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | न्यूनतम कबोल अङ्क (भ्याटबाहेक रू.) |
|---|---|---|---|
| Bktmun/GOODS/NCB01/083/84 | सवारी साधनहरूको टायर/ट्युबहरू खरिदसम्बन्धी | चन्द्र सूर्यविनायक कोल्ड रिस्ट्रेड, सूर्यविनायक, भक्तपुर | १७,२०,७१०।०६ |
| Bktmun/GOODS/NCB02/083/84 | अफसेट प्रेसको लागि कागजहरू खरिदसम्बन्धी | आर.एन. इन्टरप्राइजेज, ताथली, भक्तपुर | ३५,७०,६६०।०० |

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान, भ.न.पा.-८, भक्तपुर, फोन नं.: ०१-६६१९३३२, ६६१९८४०

**धितो लिलाम बिक्रीसम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मितिः २०८३/०६/१३ गते

यस सहकारी संस्थाबाट तपसिलमा लेखिएका तपाईं ऋणी सदस्यहरूले तपसिलमा लेखिएको दर्तावाला व्यक्तिको घरजग्गा धितो सुरक्षण राखी व्यवसायिक कर्जाको सावाँ ब्याज तिर्ने बुझाउने संस्थासँग गरिएको सर्तबमोजिम लिएको कर्जाको सावाँ ब्याज हर्जाना लगायतका रकम नतिरी नबुझाई ऋण कर्जासम्बन्धी सर्त बन्देजहरू उल्लङ्घन गरी भाका नघाई बस्नुभएकोले पटकपटक मौखिक, टेलिफोन, मेसेज, पत्राचार र सूचनामार्फत कर्जा चुक्ता गर्न आउन ताकेता तथा सूचना गर्दा पनि तिर्न बुझाउन नआई कुनै चासोसमेत नदेखाई अटेर गरी बसी आएकोले मिति २०८३/०४/२८ गतेमा 'मजदुर' दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउनेबारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कर्जा चुक्ता गर्न नआएको र कर्जा चुक्ता गर्न कुनै चासोसमेत नदिनुभएकोले यस संस्थाको लेना रकम (सावाँ ब्याज र हर्जानासमेत सम्पूर्ण) असुलउपर गर्नका लागि धितो रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिन इच्छुक व्यक्तिहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र धितो लिलामसम्बन्धी शिलबन्दी बोलपत्र यस संस्थाको कार्यालय समयभित्र पेस गर्नुहुन सूचित गरिन्छ। सो सूचना प्रकाशित भएको मितिले ३६ (छतीस) औं दिनमा वा सो दिन बिदा परेमा लगत्तै कार्यालय खुल्ने दिनमा यस संस्थाको मुख्य कार्यालय महेश्वरीस्थानमा दिनको ठीक १:०० बजे लिलाम डाँक बढाबढ गरी बिक्री गर्ने जानकारी सूचित गरिन्छ। लिलामसम्बन्धी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने व्यहोरासमेत सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं | ऋणीको विवरण | ऋणीको फोटो | धितो दिनेको नाम थर र धितो सुरक्षणको घरजग्गा विवरण |
|---|---|---|---|
| १. | ऋणीको नाम : कमला सैंजु<br>पिताको नाम : कान्छा तुईतुई<br>पतिको नाम : रामेश्वर सैंजु<br>ससुराको नाम : गोपीलाल सैंजु<br>ठेगाना : साबिक भ.न.पा वडा नं. २ हालको परिवर्तित वडा नं. ८<br>ना.प्र.नं. : १६६९५ |  | जग्गाधनीको नाम : शंखमुल जगतनारायण गुठी<br>मोहीको नाम : कमला सैंजु<br>पतिको नाम : रामेश्वर सैंजु<br>ससुराको नाम :गोपीलाल सैंजु<br>जग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका साबिक वडा नं. २ ङ ७ हालको परिवर्तित वडा नं. ८, कि.नं. १३६ क्षे.फ. ०-३-१-० लिगापातसमेत पूरै। |
| २. | ऋणीको नाम : मनिस गाइजू<br>बुबाको नाम : छत्रबहादुर गाइजू<br>बाजेको नाम : कुलबहादुर गाइजू<br>ठेगाना : साबिक भ.न.पा वडा नं. २ घर भई हाल वडा नं. ४ बस्ने<br>ना.प्र.नं. : ००९७६ |  | जग्गाधनीको नाम : मनिस गाइजू<br>बुबाको नाम : छत्रबहादुर गाइजू<br>बाजेको नाम : कुलबहादुर गाइजू<br>जग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली वडा नं. ९ ट कि.नं. १४२३, क्षे.फ. ०-९-१-२ लिगापातसमेत पूरै। |
| ३. | ऋणीको नाम : सुभद्रा गाइजू<br>पिताको नाम : गणेशभक्त बाटी<br>पतीको नाम : मनिस गाइजू<br>ससुराको नाम : छत्रबहादुर गाइजू<br>ठेगाना : साविक भ.न.पा. वडा नं. २ घर भई हाल वडा नं. ४ बस्ने<br>ना.प्र.नं. : २११२२ |  | जग्गाधनीको नाम : मनिस गाइजू<br>ऋणीको सम्बन्ध : श्रीमान<br>बुबाको नाम : छत्रबहादुर गाइजू<br>बाजेको नाम : कुलबहादुर गाइजू<br>जग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ताथली वडा नं. ९ ट, कि.नं १४२३, क्षे.फ. ०-९-१-२ लिगापातसमेत पूरै। |
| ४. | ऋणीको नाम : दिनेश मानन्धर<br>बुबाको नाम : कृष्णबहादुर मानन्धर<br>बाजेको नाम : आसबहादुर मानन्धर<br>ठेगाना : भ.न.पा. वडा नं. ७ घर भई हाल वडा नं. १० बस्ने<br>ना.प्र.नं. : २९/०१/०६५/०२६२० |  | जग्गाधनीको नाम : तिर्थमाया मानन्धर<br>ऋणीको सम्बन्ध : आमा<br>पतीको नाम : कृष्णबहादुर मानन्धर<br>ससुराको नाम : आसबहादुर मानन्धर<br>घरजग्गाको विवरण : भूमि प्रशासन कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका साबिक वडा नं. ४ ढ हाल परिवर्तित वडा नं. १० कि.नं. ६४ क्षे.फ. ०-२-३-२ लिगापातसमेत पूरै। |

**पुनश्च**ः लिलाम बढाबढ गर्ने दिन बोलपत्रदाताहरू, ऋणी वा ऋणीका प्रतिनिधिलाई उपस्थित हुन यसै सूचनाबाट जानकारी गराइन्छ। यसै सूचनाबाट बोलपत्रदाताहरू, ऋणी र धितो मञ्जुरी दिने व्यक्तिलाई सूचना प्राप्त भएको मानिनेछ। धितो लिलामसम्बन्धी सर्त बन्देजहरू लगायतका विस्तृत विवरण संस्थाको सूचना पाटीमा टाँस गरिएको सूचित गरिन्छ। लिलाम बिक्रीसम्बन्धी बोलपत्र फाराम रू. १०००।- अक्षरेपी एक हजार रुपैयाँ तिरी संस्थाको कार्यालयबाट खरिद गर्न सकिनेछ।

# मनसुनजन्य विपद्बाट देशका विभिन्न राजमार्ग अवरुद्ध

काठमाडौँ, १२ असोज । गएको चार दिनको अविरल वर्षाका कारण भएका बाढीपहिरो र सडक भासिने घटनासँगै देशका विभिन्न प्रमुख राजमार्ग तथा सडक खण्ड अवरुद्ध भएका छन् ।

नेपाल प्रहरीका अनुसार रसुवा, नुवाकोट, धादिङ, काभ्रेपलाञ्चोक, चितवन, मनाङ, बागलुङ, रोल्पा, कालिकोट, गुल्मी, म्याग्दी, मुस्ताङ, हुम्ला, नवलपरासी पूर्व, पाल्पा, ललितपुर, लमजुङ, तनहुँ र पर्वतलगायत जिल्लाका सडक प्रभावित भएका छन् ।

रसुवाको पासाङ ल्हामु राजमार्ग बाढीले त्रिशूली नदी किनारको अधिकांश भाग कटान गरेपछि पूर्णरूपमा अवरुद्ध छ । यद्यपि, काठमाडौँबाट टोखा-छहरे-विदुर-नुवाकोट, दरबार-फलाँटे-चोकदे-लच्याङ-सरमथली-पार्च्याङ-भोर्ले-जिरो-किमि कालिकास्थान-स्याउबारी-राम्चे-सोले-धुञ्चे हुँदै स्याफ्रुबेँसी पुग्ने एक लेनको कच्ची वैकल्पिक सडक प्रयोग गर्न सकिने प्रहरीले जनाएको छ ।

नुवाकोटको टोखा-छहरे सडकखण्डमा राति १० बजेदेखि बिहान ५ बजेसम्म अत्यावश्यक सेवाबाहेक सार्वजनिक तथा निजी सवारीसाधनको आवागमन बन्द गरिएको छ । उक्त व्यवस्था अर्को सूचना जारी नभएसम्म लागू रहनेछ ।

पृथ्वीराजमार्गका विभिन्न स्थानमा पहिरो खसेपछि यातायात प्रभावित भएको छ । कृष्णभीर क्षेत्रमा ठुलो ढुङ्गासहितको पहिरो झरेपछि सडक एकतर्फी सञ्चालनमा आएको तथा बेनिघाट रोराङ-१० स्थित पानीधारामा पनि पहिरोकै कारण सडक पूर्ण रूपमा अवरुद्ध रहेको प्रहरीले जनाएको छ ।

चितवनस्थित नारायणगढ-मुग्लिन सडकखण्डका विभिन्न स्थानमा पहिरो गएपछि अर्को सूचना नभएसम्म सबै सवारीसाधनको आवागमन बन्द गरिएको छ । अर्कोतर्फ बिपी राजमार्गअन्तर्गत काभ्रे पलाञ्चोकको रोशी गाउँपालिका-७ चारसयबेँसी र रोशी-८ गिम्दीबेँसीमा पहिरो गएपछि सडक अवरुद्ध छ । प्रहरीका अनुसार, धुलिखेल नगरपालिका-८ पकुचामा पहिरो खसेपछि अरनिको राजमार्ग अवरुद्ध छ ।

गण्डकी प्रदेशमा मनाङको बेँसीसहर-खाङसार सडकखण्डमा राति ६ बजेदेखि बिहान ६ बजेसम्म सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ । मनाङकै चामे-बेँसीसहर सडकखण्डमा पहिरो खसेपछि पूर्ण रूपमा अवरुद्ध भएको छ ।

बागलुङको मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर, रोल्पाको घोराही-थवाङ-रुकुम सहिदमार्ग तथा कालिकोटको कर्णाली राजमार्ग पनि पहिरो र लेदोका कारण अवरुद्ध छन् । गुल्मीका रिडी-तम्घास मदनभण्डारी राजमार्ग, रुद्रबेनी-वामीटक्सार सडक र कालीगण्डकी करिडोरका विभिन्न स्थानमा पहिरो तथा खोलाको बहाव बढेपछि सडक अवरुद्ध भएको छ ।

म्याग्दीको बेनी-जोमसोम, मुस्ताङको जोमसोम-कोरला, हुम्लाको कर्णाली करिडोर, नवलपरासी पूर्वको कालीगण्डकी करिडोर, पाल्पाको सिद्धार्थ राजमार्ग र ललितपुरको कान्तिलोक पथमा पनि पहिरो तथा लेदोका कारण यातायात सञ्चालन हुन सकेको छैन । लमजुङको बेँसीसहर-मनाङ सडक तथा मध्यपहाडी लोकमार्ग, तनहुँको पृथ्वीराजमार्ग र पर्वतको मालढुङ्गा-बेनी सडकखण्डमा पनि पहिरोका कारण यातायात अवरुद्ध रहेको प्रहरीले जनाएको छ ।

देशका विभिन्न जोखिमयुक्त सडकमा रातिको आवागमन रोक्ने तथा कतिपय सडकमा पूर्ण रूपमा यातायात बन्द गर्ने निर्णय गरिएको छ । प्रहरीले जोखिमयुक्त सडकमा अनावश्यक यात्रा नगर्न तथा स्थानीय प्रशासन र सुरक्षा निकायको सूचनाअनुसार मात्र यात्रा गर्न आग्रह गरेको छ । ***(रासस)***


## मितव्ययी रुपमा चाडपर्व मनाऔं

- ❖ चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- ❖ देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- ❖ आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- ❖ खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- ❖ खाना तथा अन्य सामग्री खेर नफालौं,
- ❖ मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- ❖ चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


***आक्रमण...***

पाइँदैन । संयुक्त राष्ट्र सङ्घले पक्राउ गर्न नहुने हो भनी दुखेसो पोख्ने होइन, अन्तर्राष्ट्रिय नियम मिच्ने अमेरिकी राष्ट्रपति ट्रम्पमाथि कारबाही गर्नुपर्ने हो । भेनेजुयलामाथि गरिएको आक्रमण, हस्तक्षेप र दबाब भेनेजुयलाको तेल भण्डार कब्जामा लिनको लागि हो । त्यहाँको तेलखानी तथा खनिज क्षेत्रमा आँखा गाड्नु अथवा आफ्नो हातमा लिनु नै अमेरिकाले भेनेजुयलामा गिद्धेदृष्टि राख्नुको कारण हो । यो कुरा संयुक्त राष्ट्र सङ्घलाई थाहा नभएको होइन । तर, संयुक्त राष्ट्र सङ्घ अमेरिकाले जस्तो नीति, नियम र सहमति उल्लङ्घन गरे पनि बोल्दैन ।

अमेरिका र इजरायल मिलेर इरानमा आक्रमण गरी इरानी नेताको हत्या गर्नुको कारण पनि तेलखानीकै प्रकरण हो । इरानमा रहेको तेल सस्तोमा लिन वा आफ्नो कब्जामा राख्न अमेरिकाले आफ्नो भएभरको शक्ति प्रदर्शन गर्दै छ । अमेरिकी राष्ट्रपति ट्रम्प अरू देशका राष्ट्रप्रमुखहरूलाई नष्ट गर्ने धम्की दिनेबाहेक अरू केही गर्दैनन् । अमेरिकाले इजरायलसँग मिलेर इरानमा आक्रमण गरी ठुलो क्षति पुऱ्याएपछि पश्चिम एसियामा मात्र होइन, विश्वको राजनीतिमा नै तरङ्ग र हलचल आएको छ । इजरायल र प्यालेस्टिन, युक्रेन र रुस तथा अमेरिका-इजरायल र इरानबिच भइरहेको युद्धले कतै तेस्रो विश्वयुद्ध त हुने होइन भन्ने विश्लेषणसमेत एक समय भएको थियो । अमेरिकाझैँ अरू देशहरू पनि लागेमा आक्रमणको निन्दामात्र होइन, विश्वका मुलुकहरू प्रतिकारमा गएका भए अर्को विश्वयुद्ध हुन बेर लाग्दैन । अरू देशहरूको संयमता र शान्तिको चाहनाले मात्र विश्वयुद्ध नभएको विश्लेषण पनि नभएको होइन ।

अमेरिकाले संयुक्त राष्ट्र सङ्घ र अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेझैँ अरू देशहरू अघि सरेका भए अमेरिका पनि आगोमा दनदन बल्नेछ र अमेरिकामा अतुलनीय क्षति हुनेछ । अमेरिकी आक्रमणकै कारण विश्वमा तेलको मूल्य बढेको छ । होर्मुज जलडमरुको अस्थिरताले विश्वको तेल आपूर्ति र अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष असर परेको छ । ट्रम्पले इरानमाथि हमला गर्दा आफ्ना सहयोगी देशहरूले समर्थन गरेनन् । नाटोमा संलग्न कतिपय देशहरू पनि अमेरिकाको समर्थनमा लागेका छन् । यसरी एक-एक पाइला गर्दै नाटो, युरोपेली देश र साम्राज्यवादविरोधी अन्य देशहरू अमेरिकाको विपक्षमा गएका छन् । सारमा, विश्वका मुलुक र न्यायप्रेमी जनता आतङ्ककारी अमेरिकाको विरोधमा छन् । यसरी विश्वमा अमेरिकाको विरोध बढ्दै छ । यो सकारात्मक पक्ष हो । विश्वमा शान्ति कायम गर्न र सुरक्षित रहन साम्राज्यवादी आक्रमणको भर्त्सना गर्नैपर्छ; साम्राज्यवादी नीतिको विरोध गर्नैपर्छ ।


## हार्दिक समवेदना



जन्म : १९९८/०५/१५
निधन: २०८३/०६/०७

यस संस्थाका सदस्यता नं. २२९४ का सदस्य **न्हुछेमाया लवजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा.-९

## हार्दिक समवेदना



जन्म : २००४/११/०७
निधन: २०८३/०४/३१

यस संस्थाका सदस्यता नं. ३६२ का सदस्य **रामकेशरी सुवाल**को दुःखद निधन भएको आज ४५ औं दिन (लत्या) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सहलह बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, गोल्मढी, भक्तपुर



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### ३२औं वार्षिक साधारणसभामा उपस्थिति हुनेसम्बन्धी सूचना

यस संस्थाको **३२[औं] वार्षिक साधारणसभा कार्यक्रम** देहायका विषयहरूमा छलफल तथा निर्णयहरू गर्न **२०८३/६/१७ गते, शनिबार दिउँसो १:०० बजे महेश्वरी बैङ्क्वेट, थुसाँचामा आयोजना गरिने** हुँदा सभामा उपस्थित हुन सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू :**

१. आ.व. २०८२/०८३ को प्रगति विवरण र आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम ।
२. आ.व. २०८२/०८३ को आय-व्यय विवरण र आ.व. २०८३/०८४ को अनुमानित बजेट ।
३. आ.व. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन तथा आ.व.२०८३/०८४ का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
५. शेयर लाभांश सम्बन्धमा ।
६. संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. आन्तरिक नीति र कार्यविधि सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन ।
९. साधारणसभाको माइन्युट प्रमाणीकरण ।

***नोट:***

**१.** मिति २०८३/०६/१६ गते, शुक्रबार बिहान ०७:०० बजेदेखि ५:०० बजेसम्म सिद्धि गणेश सहकारी भवन, चोर्चा (**सदस्य नं. १ देखि ८००० सम्मका सदस्यहरू**) र सिद्धि गणेश तालिम हल, खँचामा (**सदस्य नं.८००१ देखि माथिका सदस्यहरू**) उपस्थिति तथा सुझावपुस्तिका खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**२.** मिति २०८३/०६/१७ गते, शनिबार बिहान ७:०० बजेदेखि दिनको ५:०० बजेसम्म (महेश्वरी बैङ्क्वेट) सभा स्थलमा उपस्थिति खुला रहने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**३.** संस्थामा मिति २०८३/६/१५ गतेसम्म सदस्य भएका उपस्थित हरेक साधारण सदस्यलाई खाजा खर्च बापत रू.४७१।-(करकट्टी पछि रू.४००) प्रदान गर्ने हुँदा सदस्यहरूले आ-आफ्नो परिचयपत्रसहित उपस्थिति जनाउनुहोला ।

**सञ्चालक समिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE
Certified By Association of Asian Confederation of Credit Unions



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

BHAKTAPUR MUNICIPALITY

### सूचना ! सूचना !! सूचना !!!

भक्तपुर नगरपालिकाको आयोजनामा २०८३ कार्तिक १३ देखि १८ गतेसम्म भक्तपुर नगरव्यापी विद्यालय स्तरीय खेलुकद प्रतियोगिता तपसिलअनुसार सञ्चालन हुने भएकोले भक्तपुर नगरभित्रका विद्यालयहरूलाई २०८३ असोज मसान्तभित्र नाम दर्ता गराई सहभागी गराई दिनुहुन अनुरोध गर्दछु ।

**१) फूटबल**
कक्षा : ६ देखि १० सम्म
दर्ता शुल्क : रू. ५००।-

**२) जिम्नास्टिक**
कक्षा : १ देखि १० सम्म
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**३) पोर्टबल (महिला/पुरुष)**
कक्षा : ६ देखि १० सम्म
दर्ता शुल्क : रू. ५००।-

**४) ब्याडमिन्टन (महिला/पुरुष)**
कक्षा : ६ देखि १२ सम्म
दर्ता शुल्क: रू. १००।- (प्रतिखेलाडी)

**५) कबड्डी (महिला/पुरुष)**
कक्षा : ६ देखि १० सम्म
दर्ता शुल्क: रू. ५००।-

**६) खो खो (महिला/पुरुष)**
कक्षा : ६ देखि १० सम्म
दर्ता शुल्क: रू. ५००।-

**७) भलिबल (महिला/पुरुष)**
कक्षा : ८, ९ र १०
कक्षा : ११ र १२
दर्ता शुल्क : रू. ५००।-

**८) कराँते (महिला/पुरुष)**
के.जी. : २०,२५,३०,३५,४०,४५,५०
पुरुष काता : १ जना
महिला काता : १ जना
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**९) एथलेटिक्स (महिला/पुरुष)**
कक्षा : १ देखि १० सम्म
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**१०) उसु (महिला/पुरुष)**
सान्दा : महिला/पुरुष : २७-३०, ३०-३३,३३-३६,३६-३९, ३९-४२, ४२-४५, ४५-४८, ४८-५२, ५२-५६, ५६-६० के.जी.
छान छ्वान : महिला/पुरुष
नान छ्वान : महिला/पुरुष
थाइची छ्वान : महिला/पुरुष
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**११) तेक्वान्डो (महिला/पुरुष)**
पुरुष: २५-२८, २८-३१, ३१-३४, ३४-३८, ३८-४२, ४२-४६, ४६-५० के.जी.
महिला : २५-२७, २७-२९, २९-३२, ३२-३५, ३५-३८, ३८-४२, ४२-४६ के.जी.
पुम्से: पुरुष : ४, ५ र ६ / महिला: ४, ५ र ६
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**१२) टेबलटेनिस**
टीम इभेन्ट : महिला/पुरुष
डबल : महिला/पुरुष
**मिक्स डबल**
सिंगल : कक्षा (८, ९ र १०) महिला/पुरुष
सिंगल : कक्षा (१ देखि ७) महिला/पुरुष
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**१३) बुद्धिचाल (महिला/पुरुष)**
कक्षा : १ देखि ५ सम्म
कक्षा : ६ देखि ८ सम्म
कक्षा : ९ देखि १० सम्म
(एउटा विद्यालयले २ जना विद्यार्थी मात्र सहभागी गराउनुहुन)
दर्ता शुल्क : रू. १००।- (प्रति खेलाडी)

**१४) बाघचाल (महिला/पुरुष)**
कक्षा : १ देखि ५ सम्म
कक्षा: ६ देखि ८ सम्म
कक्षा: ९ देखि १० सम्म
(एउटा विद्यालयले २ जना विद्यार्थी मात्र सहभागी गराउनुहुन)
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**१५) कसिमला पाँय् (महिला/पुरुष)**
कक्षा : १ देखि ५ सम्म
कक्षा : ६ देखि ८ सम्म
कक्षा : ९ देखि १० सम्म
(एउटा विद्यालयले २ जना विद्यार्थी मात्र सहभागी गराउनुहुन)
दर्ता शुल्क : रू. १००।- (प्रतिखेलाडी)

**नोट : प्रतियोगिताका सम्पूर्ण खेलहरू खेल सङ्घको र आयोजक समितिको नियमानुसार खेलाइनेछ ।**
**सहभागी विद्यालयहरूले २०८३ असोज मसान्तभित्र सम्पूर्ण खेल सम्बन्धित वडामा दर्ता गर्नुहुन ।**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा